# भाषिक सीपको विकासका लागि कक्षा ६ को पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाका माध्यमबाट गराइने क्रियाकलापको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको ५९८ पत्रको प्रयोजनका लागि प्रस्तुत

## शोधपत्र

शोधार्थी
अशोककुमार न्यौपाने
त्रि.वि. दर्ता नं. ९-१-५७-४-९७
क्याम्पस दर्ता नं. ८८९/०६०
परीक्षा क्रमाङ्क: २८०४४१/०६२
शिक्षाशास्त्र सङ्काय, एम.एड. द्वितीय वर्ष
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर
२०६३

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पस, नेपाली भाषा शिक्षा विभागका छात्र अशोककुमार न्यौपानेले स्नातकोत्तर (एम.एड) तहमा नेपाली विषयको नेपा.शि. ५९८ पाठयांशको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको "भाषिक सीपको विकासका लागि कक्षा ६ को पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाका माध्यमबाट गराइने क्रियाकलापको अध्ययन" शीर्षकको शोधपत्र नेपाली विषयमा स्नातकोत्तर उपाधिका लागि उचित ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| क.सं. | नाम | हस्ताक्षर |
|---|---|---|
| १. | | .............................. |
| २. | | .............................. |
| ३. | | .............................. |
| ४. | | .............................. |
| ५. | | .............................. |

मिति : २०६३/०७/

# निर्देशकको सिफारिस-पत्र

नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली भाषा शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत "भाषिक सीपको विकासका लागि कक्षा ६ को पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाका माध्यमबाट गराइने क्रियाकलापको अध्ययन" शीर्षकको शोधपत्र शोधार्थी अशोककुमार न्यौपानेले मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँले निकै परिश्रम तथा मेहनतका साथ गर्नुभएको प्रस्तुत अध्ययन सन्तोषजनक भएकाले आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्छु ।

शोधनिर्देशक

________________________

उप.प्रा. राजेन्द्रप्रसाद पौडेल
नेपाली भाषा शिक्षा विभाग
शिक्षाशास्त्र सङ्काय
त्रि.वि., कीर्तिपुर

मितिः २०६३/०७/

# कृतज्ञताज्ञापन

शिक्षा क्षेत्रमा सेवारत विभिन्न विद्वानहरूको आवश्यक सहयोग र सल्लाहबाट मैले प्रस्तुत शोधपत्र तयार पारेको छु । प्रस्तुत शोधपत्रमा कथा शिक्षणका माध्यमबाट भाषा शिक्षणको मूल उद्देश्य पूरा गरिएको छ कि छैन भन्ने विषयमा जानकारी उपलब्ध गराउने जमर्को गरिएको छ । यसका लागि शोधपत्र लेखनकार्यमा शीर्षक छनोट देखि लिएर शोधपत्र तयार गर्दा सम्म आफ्नो अमूल्य सुझाव र सहयोग पुऱ्याउनु हुने मेरा शोधनिर्देशक गुरुवर उप.प्रा. राजेन्द्रप्रसाद पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्छु ।

उहाँको निर्देशनमा नै यो शोधपत्र तयार पार्न सफल भएकोमा उहाँप्रति चीरकाल ऋणी रहने छु । त्यस्तै लेखन कार्यका क्रममा यथोचित मार्गदर्शन गरिदिनु हुने आदरणीय गुरुवर्ग विभागीय प्रमुख सह.प्रा. भोजराज ढुङ्गेल, प्रा.डा. हेमाङ्गराज अधिकारी, प्रा.डा. रामचन्द्र लम्साल र डा. पारसमणि भण्डारीप्रति हार्दिक आभार प्रकट गर्छु ।

छोराको उज्जवल भविष्यको लागि जस्तोसुकै कठिन परिस्थितिमा पनि विचलित नभई आफूलाई समर्पण गर्नुहुने पूजनीय आमा श्रीमती लक्ष्मीदेवी न्यौपानेको योगदान सधैं सम्झना रहिरहने छ । असल र ठूलो मान्छे बन्नका लागि पढ्नुपर्छ, त्यसैले मन लगाएर पढ भन्ने उहाँको आज्ञारूपी उपदेश मेरा लागि सदैव मार्गदर्शक बनेको छ । त्यस्तै शिक्षा आर्जनमा सहयोग, प्रेरणा र हौसला दिने बुबा टंकप्रसाद न्यौपाने र दाजु राजकुमार न्यौपानेप्रति कृतज्ञता व्यक्त गर्छु । शिक्षा आर्जन गर्ने क्रममा हरसमय सहयोग, सल्लाह र सुझाव तथा शोधकार्यका बारेमा पूर्णरूपमा जानकारी गराउने महिलो दाजु विनोदकुमार न्यौपानेप्रति हार्दिक कृतज्ञता व्यक्त गर्छु ।

प्रस्तुत शोधपत्र लेखनका क्रममा आवश्यक सहयोग र सल्लाह दिने मित्र प्रेम, वि.सीलाई धन्यवाद व्यक्त गर्छु । त्यसै गरी अध्ययन कार्यको निमित्त जनसङ्ख्या उपलब्ध गराएर सहयोग पुऱ्याउने दाङ्ग जिल्लाका सम्बद्ध सरकारी र निजी तथा आवासीय विद्यालयका प्रधानाध्यापकहरू र जनसङ्ख्याकारूपमा मद्दत गर्ने सम्पूर्ण नेपाली भाषा शिक्षकरूप्रति पनि आभार प्रकट गर्छु । त्यसै गरी शुद्ध र छिटो छरितो टङकण गर्ने 'जी' कम्प्युटर सेन्टरका जितेन महर्जनलाई यथोचित धन्यवाद व्यक्त गर्छु ।

शोधार्थी

अशोककुमार न्यौपाने

# विषयसूची

पृष्ठ


| | |
|---|---|
| अध्याय एक: पृष्ठभूमि | १(१० |
| १.१ परिचय | १ |
| १.२ शोधशीर्षक | १ |
| १.३ शोधप्रयोजन | १ |
| १.४ समस्याकथन | १ |
| १.५ शोधकार्यको उद्देश्य | ४ |
| १.६ अध्ययनको औचित्य | ४ |
| १.७ अध्ययनविधि | ६ |
| १.७.१ जनसङ्ख्या तथा नमुना: | ६ |
| १.७.२ सामग्री निर्माण | ७ |
| १.७.३ पूर्वपरीक्षण | ७ |
| १.७.४ तथ्यको सङ्कलन: | ८ |
| १.७.५ तथ्यको व्याख्या तथा विश्लेषण | ८ |
| १.८ अध्ययनको सीमा | ९ |
| १.९ शोधपत्रको रूपरेखा | १० |
| अध्याय दुई: पूर्वकार्यको समीक्षा | ११(१७ |
| अध्याय तीन: कथा शिक्षणको सैद्धान्तिक परिचय | १८(२९ |
| ३.१ कथा विधाको परिचय: | १८ |
| ३.२ कथा शिक्षणको परिचय | २० |
| ३.३ भाषा शिक्षणका दृष्टिले कथाको प्रयोजन | २१ |
| ३.४ कक्षा ६ मा कथा शिक्षणका प्रयोजनपरक उद्देश्यहरू | २३ |
| ३.५ कथा शिक्षणको महत्व | २५ |
| ३.६ कथा शिक्षणका लागि अपनाउन सकिने कार्यकलापहरूको परिचय | २६ |
| ३.६.१ कथाकथन | २६ |
| ३.६.२ सस्वर र मौनपठन | २६ |
| ३.६.३ शब्द तथा उखान-टुक्काको प्रयोग | २६ |
| ३.६.४ बोधप्रश्नोत्तर | २७ |

३.६.५ सारांशकथन २७

३.६.६ घटनाक्रम मिलाउने २८

३.६.७ घटनावर्णन र घटनाटिपोट २८

३.६.८ श्रुतिलेखन २८

३.६.९ श्रुतिरचना २८

३.६.१० वस्तु तथा चित्रवर्णन २९

३.६.११ बुँदाटिपोट २९

३.६.१२ सारांशलेखन २९

३.६.१३ कथारचना २९

**अध्याय-चारः तथ्याङ्कको व्याख्या तथा विश्लेषण ३०(६०**

४.१ परिचय ३०

४.२ विद्यालय र शिक्षकको विवरण ३०

४.३ शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क र विश्लेषण ३१

४.३.१ पाठयोजना ३१

४.३.२ कथा शिक्षणको अपेक्षित उद्देश्य ३२

४.३.३ पठन ३४

४.३.४ आदर्शवाचन ३६

४.३.५ कथाकथन ३७

४.३.६ शब्दार्थ शिक्षण ३९

४.३.७ वाक्यमा प्रयोग ४१

४.३.८ कथावस्तु ४३

४.३.९ बोधप्रश्नोत्तर ४३

४.३.१० सारांश ४५

४.३.११ श्रुतिलेखन ४७

४.३.१२ घटनाक्रम ४८

४.३.१३ शिक्षण सामग्री ५०

४.३.१४ विद्यार्थी मूल्याङ्कन ५२

४.३.१५ गृहकार्य ५५

४.३.१६ विद्यार्थी सहभागिता ५६

४.३.१७ विशिष्ट पंक्तिको व्याख्या ५७
४.३.१८ कथा शिक्षणसम्बन्धी शिक्षकहरूको अवधारणा ५८
४.४ अन्य ५९
अध्याय पाँचः निष्कर्ष र सुझाव ६१–६९
५.१ निष्कर्ष ६१
५.२ सुझाव ६५
५.३ शैक्षिक प्रयोजन ६८
५.४ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू ६८
सन्दर्भग्रन्थसूची ७०–७२
परिशिष्ट

# संक्षेपसूची

| | |
|---|---|
| क्र.सं. | क्रम सङ्ख्या |
| गा.वि.स. | गाउँ विकास समिति |
| न.पा. | नगरपालिका |
| दो. | दोस्रो |
| ते. | तेस्रो |
| चौं. | चौथो |
| न. | नम्बर |
| अप्र. | अप्रकाशित |
| पृ. | पृष्ठ |
| नि.मा. | निम्नमाध्यमिक |
| नि.मा.वि. | निम्नमाध्यमिक विद्यालय |
| मा.वि . | माध्यमिक विद्यालय |
| भा.सि.वि. | भाषिक सीप विकास |
| पा.का. | पाठ्यपुस्तक, कालोपाटी |
| सा.र. | साहित्यिक रसास्वादन |
| संस्क. | संस्करण |
| त्रि.वि. | त्रिभुवन विश्वविद्यालय |
| शि.सं. | शिक्षक सङ्ख्या |

# अध्याय एक

# पृष्ठभूमि

## १.१ परिचय

प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा शोधपत्रको शीर्षक, शोधपत्रको प्रयोजन, शोधपत्रको उद्देश्य, समस्याकथन, अध्ययनको औचित्य, अध्ययन विधि, अध्ययनको सीमा र शोधपत्रको रूपरेखाजस्ता शीर्षकहरू राखिएका छन् ।

## १.२ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक “भाषिक सीपको विकासका लागि कक्षा छ को पाठ्यपुस्तकमा प्रयुक्त कथा विधाका माध्यमबाट गराइने क्रियाकलापको अध्ययन” रहेको छ ।

## १.३ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको ५९८ पत्रको प्रयोजनका लागि तयार गरिएको छ ।

## १.४ समस्याकथन

सामाजिक सम्पर्क र सामाजिक व्यवहारको प्रभावशाली माध्यम भाषा हो । भाषा समाज सापेक्ष हुन्छ । एक-अर्कामा विचार आदानप्रदान गर्न भाषाका माध्यमले सम्भव हुने भएकाले भाषा विचार विनिमयको साधन पनि हो । देशमा माध्यम वा सम्पर्क स्थापित गर्न मान्यता प्राप्त भाषा नै त्यस देशको राष्ट्रभाषा हो । नेपाली भाषा नेपालको राष्ट्रभाषा हो । यो संस्कृत भाषाबाट विकसित हुँदै आएको भाषा हो । नेपाली भाषालाई साझा भाषा तथा सम्पर्क भाषाको रूपमा समेत लिने गरिएको छ । नेपाल बहुभाषी मूलुक हो । यहाँ विभिन्न किसिमका जातजातिले विभिन्न किसिमका भाषाको प्रयोग गर्ने गर्दछन् । नेपाली भाषा नेपाल भित्र यहाँका साठी

प्रतिशत जनताले बोल्दछन् र यसलाई अन्य भाषाभाषी समुदायले पनि माध्यम तथा सम्पर्क भाषाका रूपमा स्वीकारेका छन् । सरकारी कामकाजको भाषा पनि नेपाली भाषा नै राखिएको छ । वि.सं. २०१० सालदेखि नै नेपाली भाषाले अनिवार्य विषय र शिक्षाको माध्यम भाषाका रूपमा मान्यता प्राप्त गऱ्यो । यसै गरी वि.सं. २०१५ सालको संविधानले नेपाली भाषालाई राष्ट्रभाषाको रूपमा मान्यता प्रदान गरेको हो । शिक्षा ऐन २०२८ (छैठौं संशोधन, २०५५) ले पनि अन्य भाषा विषयबाहेक विद्यालय तहको शिक्षाको माध्यम नेपाली भाषालाई प्रदान गरेको छ । नेपाली भाषाले इ.सं. १९९२ सेप्टेम्बर १ देखि भारतीय संविधानको आठौं अनुसूचीमा समेत एघारौं मान्यता पाएको छ (रिमाल २०५३:२) । यसरी नेपाली भाषाले विदेशमा समेत वैधानिक मान्यता प्राप्त गर्नुले पनि यो भाषा शिक्षणको अझ महत्त्व बढ्न गएको छ । आदिकवि भानुभक्त आचार्यका समय अघिदेखि नै लेखन भाषाको रूपमा रहि आएको नेपाली भाषा घर-परिवारदेखि लिएर विद्यालय, विश्वविद्यालय सरकारी कार्यालय, अड्डा, अदालत, आदिमा कथ्य र लेख्य माध्यमका रूपमा विकसित भएको छ । नेपाली भाषामै अनेकौं पत्रपत्रिकाहरू, पाठ्यपुस्तकहरू तथा मनोरञ्जन प्रदान गर्नका लागि विभिन्न किसिमका चलचित्रहरूको समेत निर्माण भइरहेको छ । नेपाली भाषाका आफ्नै व्याकरण र शब्दकोशहरू पनि प्रकाशित भइसकेका छन् ।

नेपाल अधिराज्यको संविधानको निर्माण कार्य पनि यसै नेपाली भाषामा भएको छ । नेपाल अधिराज्यको संविधान २०४७ को भाग १ को धारा ६ मा "नेपाली भाषा नेपालको राष्ट्रभाषा हो" भन्ने कुरा प्रस्ट रूपमा उल्लेख गरिएको छ । विचार सम्प्रेषण गर्ने र प्रशासनिक कामकार्वाही चलाउने नेपाली भाषा देवनागरी लिपिमा लेखिन्छ । नेपाली भाषामा कथा, कविता, उपन्यास, निबन्ध, नाटक, जीवनी, एकाङ्की आदि विधाहरूमा साहित्यकारहरूले उत्कृष्ट साहित्यको रचना गरिसकेका छन् । नेपाली भाषाकै विकास र समुन्नतिका लागि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, रेडियो नेपाल, नेपाल टेलिभिजन आदि जस्ता संस्थाहरू पनि स्थापित भएका छन् ।

आफैमा छोटो र पूर्ण इतिवृतलाई कथा भनिन्छ । शैक्षणिक दृष्टिले कथाको प्रवृति र भाषा प्रशिक्षणका आधारमा कथाको शिक्षण गर्नुपर्ने हुन्छ । भाषिक सीप विकास गर्नका लागि निम्नमाध्यमिक तहअन्तर्गत कक्षा ६ को नेपाली पाठ्यपुस्तकमा कथा विधा राखिएको छ । भाषा पाठ्यपुस्तक अन्य विषयको पाठ्यपुस्तकभन्दा फरक हुन्छ । भाषिक सीप विकासका लागि अन्य विधालाई पनि सन्तुलित किसिमले समेटिनुपर्छ । ती मध्ये कथा सबैभन्दा महत्त्वपूर्ण विधा हो । कथाले भाषा पाठ्यपुस्तकलाई उपयोगी बनाउनमा धेरै सहयोग पुऱ्याएको हुन्छ । कक्षा ६ का विद्यार्थीहरूको उमेर, रुचि र क्षमताअनुसार भाषा पाठ्यपुस्तकमा विषयवस्तु राखियो भने मात्र विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा प्रभाव पार्दछ । यो जीवनदर्शन, ज्ञानवृद्धिको सहायक, मानसिक सन्तुष्टिको प्रेरक साथै आत्मानुभूतिको माध्यम बन्दछ ।

जुनसुकै तह भए पनि प्रभावकारी शिक्षण कसरी बनाउने भन्ने कुरामा शिक्षण क्रियाकलापको अति महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । कुन विषयवस्तुको शिक्षण गर्दा कुन शिक्षण क्रियाकलापको आवश्यकता पर्छ भनेर राम्रोसँग औंल्याइ सोहीअनुरूप शिक्षण गरेको खण्डमा शिक्षण प्रभावकारी हुन जान्छ । विषयवस्तुको उपयुक्तताका लागि र बालबालिकालाई विषयवस्तुमा स्पष्ट पार्नका लागि कुनकुन विधि अपनाई कस्ताकस्ता शिक्षण क्रियाकलाप गर्ने भन्ने कुरा अति नै शोचनीय भएकोले विद्यार्थीहरूको उमेर, स्तर, क्षमता आदिलाई विशेष ध्यान दिनुपर्ने हुन्छ । कक्षा ६ मा अध्ययनरत बालबालिकालाई कथा विधाको शिक्षण गर्दा शिक्षकहरूले भाषिक सीप विकासका लागि के-कस्ता शिक्षण क्रियाकलाप गर्छन भन्ने कुरामा शोधपत्र केन्द्रित रहने छ । प्रस्तुत शोधपत्रमा निम्नलिखित समस्याहरू रहने छन्-

१. कथा शिक्षण भनेको के हो ?

२. कथा शिक्षण गर्दा के-कस्ता क्रियाकलाप गर्न सकिन्छ ?

३. सरकारी विद्यालय र निजी विद्यालयका भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा के-कस्ता क्रियाकलापहरू अपनाउँछन् ?

## १.५ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नानुसार रहेका छन्-

१. कथा शिक्षणको परिचय र प्रयोजन दिनु,

२. कथा शिक्षण मार्फत गरिने क्रियाकलापको पहिचान गर्नु,

३. सरकारी विद्यालय र निजी विद्यालयका भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाउने क्रियाकलापहरूको फरक पहिचान गर्नु ।

## १.६ अध्ययनको औचित्य

नेपाल बहुभाषिक र बहुजातीय राष्ट्र हो । बहुभाषिक र बहुजातीय राष्ट्र भएपनि सरकारी कामकार्वाही र साझा प्रयोगको भाषा नेपाली रहेको छ । नेपाली भाषाकै माध्यमबाट कैयौ पाठ्यक्रम र पाठ्यपुस्तक समेत निर्माण भएका छन् । पाठ्यक्रमको लक्ष्य र उद्देश्य परिपूर्ति गर्ने दृष्टिले तयार गरिएका पाठ्यपुस्तकहरूमा समावेश गरिएका विविध किसिमका विधाहरूको शिक्षण उपयुक्त तरिकाले कसरी गर्न सकिन्छ भन्ने कुरामा अध्ययन केन्द्रित रहेकाले ज्यादै उपयोगी हुनेछ । निम्नमाध्यमिक तहअन्तर्गत कक्षा ६ का बालबालिकाहरू-लाई पाठ्यपुस्तकमा समावेश गरिएका कथाहरूलाई प्रभावकारी ढङ्गले कसरी शिक्षण गर्न सकिन्छ भन्ने विषयलाई केन्द्रित गरी अध्ययन कार्य अगाडि बढाउनुपर्ने भएकोले कथा शिक्षण कसरी गर्ने भन्ने बारेमा ज्यादै उपयोगी हुने ठहर गरिएको छ ।

विद्यालयहरूमा नेपाली भाषा शिक्षण गर्नुको उद्देश्य भाषिक सीपहरूको शिक्षण गरी नेपाली भाषामा विद्यार्थीहरूको दक्षता हासिल गराउनु हो । भाषा शिक्षण विषयवस्तुको शिक्षण नभई भाषिक सीपहरूको शिक्षण हो । अन्य विषयबाट भाषा शिक्षणलाई फरक राख्ने आधार भनेको नै यसको शिक्षणको उद्देश्य हो । भाषा शिक्षणमा विषयवस्तुको ज्ञान दिनुलाई गौण स्थान दिँदै भाषिक सीपहरूमा दक्ष बनाउने प्रमुख उद्देश्य राखिएको हुन्छ । त्यसैले विद्यालयका सबै कक्षामा राखिएका भाषा

विषयहरूको उद्देश्य भाषिक सीपहरूको शिक्षणमार्फत यस भाषामा दक्षता हासिल गराउनु रहेको छ । यसका लागि भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरू राखिएका हुन्छन् । कथा पनि भाषा पाठ्यपुस्तकको अभिन्न विधाको रूपमा रहेको छ ।

कथा के हो ? भाषिक सीप विकास गराउन यसको कस्तो भूमिका रहेको छ ? त्यसको शिक्षण गर्न कस्ता शिक्षण क्रियाकलापहरूको अवलम्वन गरियो ? नेपालमा भाषा शिक्षण गर्दा कथालाई कुन रूपमा राखी अध्ययन गर्नुपर्छ ? र कुन रूपमा यसलाई शिक्षण गरियो ? जस्ता सवालहरूमा यो शोधकार्य केन्द्रित रहेको छ । यसबाट कथा शिक्षण गरिनुको औचित्य र भइरहेको वर्तमान शिक्षण प्रणालीको अवस्थाको जानकारी शिक्षासँग सम्वद्ध हरेक कोहीलाई हुने विश्वास अध्येताले लिएको छ । यस शोधकार्यका आधार रहेका माथिका सवालहरूको जवाफको लागि सम्बन्धित क्षेत्रमा गई अध्ययन गरियो ।

कक्षा ६ मा भाषा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन यसभन्दा अगाडि पनि भएको पाइएको तर शिक्षण क्रियाकलापसम्बन्धी कुनै शोधखोज नभएको पाइयो । अझ दाङ जिल्लामा शिक्षकहरूले नेपाली भाषा शिक्षण गर्दा के कस्ता शिक्षण क्रियाकलापहरू अपनाउने गर्दछन् भन्ने विषयमा कुनै शोधखोज नै भएको छैन । दाङ जिल्लाका शिक्षक शिक्षिकाहरूले नेपाली भाषा शिक्षण गर्दा के कस्ता शिक्षण क्रियाकलाप अपनाएका छन् सोको जानकारी दिने प्रयास अध्येताले गरेको छ । यसभन्दा अगाडि गरिएका अध्ययनलाई हेर्दा विभिन्न तहका विभिन्न विधाहरूको शिक्षण विधिको अध्ययन भएको पाइएको तर कक्षा ६ को कथा शिक्षणका क्रियाकलापसम्बन्धी कुनै शोधखोज नभएकाले अध्येताले यही बारेमा अध्ययन गर्ने सोच बनाएको हो ।

यस शोधकार्यबाट नेपालमा भाषा शिक्षण गर्दा कथाकामार्फत कस्ता भाषिक सीपहरूको शिक्षण गरिएको छ र अपनाइएका शिक्षण क्रियाकलापबाट भाषिक कुशलता र दक्षता अभिवृद्धि हुन्छ कि हुँदैन ? ती शिक्षण क्रियाकलापहरू उपयुक्त छन्

कि छैनन् ? त्यसको निष्कर्ष दिने प्रयास शोधकर्ताले गरेको छ । यस शोधकार्यबाट कुनै स्थान विशेषमा गरिएको अध्ययनलाई समग्र देशमा भएको शिक्षण अवस्थासँग सामान्यीकरण गरी निष्कर्ष दिइएको छ, जसले गर्दा हाल अपनाइएका शिक्षण क्रियाकलापको अवस्थासँग शिक्षासँग सम्बन्धित सबै परिचित हुने अपेक्षा गरिएको छ । शिक्षणमा रहेका कमीकमजोरी सुधार्नका लागि यो शोधकार्य सहयोगी हुने आशा गरिएको छ ।

### १.७ अध्ययनविधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्ने क्रममा जनसङ्ख्या तथा नमुना, सामग्री निर्माण, पूर्वपरीक्षण, तथ्यको सङ्कलन, तथ्यको व्याख्या तथा विश्लेषण गरियो ।

#### १.७.१ जनसङ्ख्या तथा नमुनाः

यस शोधकार्यमा जनसंख्याका रूपमा दाङ जिल्लाका १० वटा सरकारी र १० वटा निजी विद्यालयका कक्षा ६ मा नेपाली भाषा अध्यापन गर्ने जम्मा २० जना शिक्षकहरूलाई लिइयो ।

यस अध्ययनमा दाङ जिल्लाका निजी र सरकारी गरी जम्मा २० वटा विद्यालयहरू नमुनाका रूपमा रहेका छन् । सरकारी विद्यालय छनोट गर्ने क्रममा सहरी क्षेत्रमा पर्ने तुलसीपुर न.पा. का २ वटा विद्यालय र त्रिभुवननगर न.पा. का २ वटा विद्यालय गरी जम्मा ४ वटा विद्यालयलाई छनोट गरियो । ग्रामीण क्षेत्रका रूपमा रावतगाउँ, बाँकीवेटारपुर, धनौरी, प्रसडुवा,हेकुली र श्रीगाउँका ६ वटा विद्यालयलाई छनोट गरियो । निजी विद्यालयहरू दाङ जिल्लाका ग्रामीण क्षेत्रमा वर्तमान अवस्थामा प्रशस्त मात्रामा सञ्चालनमा नरहेकाले विशेष गरेर तुलसीपुर न.पा. का ३ वटा विद्यालय र त्रिभुवननगर न.पा. का ६ वटा विद्यालयलाई नमुनाका रूपमा छनोट गरियो । त्यस्तै ग्रामीण क्षेत्रका रूपमा हेकुली गा.वि.स.को १ वटा मात्र विद्यालयलाई छनोट गरियो ।

### १.७.२ सामग्री निर्माण

प्रस्तुत शोधपत्र तयार पार्नका लागि शिक्षक प्रश्नावली फाराम र कक्षा अवलोकन फारामको निर्माण गरियो । प्रश्नावलीमा जम्मा १६ वटा प्रश्नहरू समावेश गरियो,जसमा १५ वटा वस्तुगत प्रश्न र १ वटा शिक्षकको कथा शिक्षणसम्वन्धी फरक फरक धारणा बुझ्नको लागि विषयगत प्रश्न समावेश गरियो भने कक्षा अवलोकन फाराममा कथा शिक्षण गर्दा अपनाउनुपर्ने १४ वटा बुँदाहरू राखियो । प्रश्नावलीमा कथा शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापलाई प्रश्नका रूपमा राखियो । शिक्षकहरूले प्रश्नावलीको स्वविवेकले उत्तर दिन सक्ने भएकाले उनीहरूको व्यावहारिक पक्षको निरीक्षण गर्नका लागि कक्षा अवलोकन फारामको निर्माण गरियो ।

### १.७.३ पूर्वपरीक्षण

शोधकार्यलाई मूर्तरूप दिनका लागि तयार पारिएका प्रश्नहरू के कति उपयुक्त छन् भन्ने जानकारी लिनका लागि पूर्वपरीक्षण गरियो । यसका लागि दाङ जिल्लाका १ वटा सरकारी र १ वटा निजी विद्यालयका १-१ जना शिक्षकको प्रारम्भिक अध्ययन गरियो । यस अध्ययनबाट प्राप्त नतिजा र शोधनिर्देशक र अन्य विषय विशेषज्ञका सुझावका आधारमा शिक्षक प्रश्नावली र कक्षा अवलोकन फाराममा केही हेरफेर गरियो । प्रश्नावलीमा राखिएका जम्मा १८ वटा प्रश्नमध्ये ३ वटा विषयगत प्रश्नमा १ वटा प्रश्नअन्तर्गत बाँकी २ वटा प्रश्नहरू पनि समेटिने भएकाले बाँकी २ वटा प्रश्नलाई हटाएर जम्मा १६ वटा प्रश्नहरू बनाइयो । त्यस्तै कक्षा अवलोकन गर्दा शिक्षकहरूको क्रियाकलापलाई उत्तम, मध्यम र निम्न गरी तीन किसिमका मापन स्केलमा राख्नुभन्दा पनि प्रयुक्त शीर्षकहरूमा शिक्षकहरूले गरेका क्रियाकलापहरूको टिपोट लिनु बढी व्यावहारिक हुने देखिएकाले सोहीअनुरूपको कक्षा अवलोकन फाराम तयार गरियो । शिक्षकहरूले दिने सैद्धान्तिक उत्तर र उनीहरूले गर्ने व्यावहारिक क्रियाकलापबीच समानता रहे नरहेको हेर्नका लागि शिक्षक प्रश्नावली फाराममा रहेका प्रश्नहरूसँग मिल्दा शीर्षकहरू कक्षा अवलोकन फाराममा राखियो ।

### १.७.४ तथ्यको सङ्कलनः

तथ्य सङ्कलनका लागि दाङ जिल्लाका सरकारी १० वटा र निजी १० वटा गरी जम्मा २० वटा विद्यालयहरूको स्थलगत निरीक्षण गरियो । सरकारी विद्यालय छनोट गर्दा सहरी र ग्रामीण क्षेत्रलाई ध्यान दिइयो । सहरी क्षेत्रअन्तर्गत ४ वटा विद्यालय र ग्रामीण क्षेत्रअन्तर्गत ६ वटा विद्यालयलाई लिइयो । निजी विद्यालय छनोट गर्दा दाङ जिल्लामा वर्तमान द्वन्द्वको कारण ग्रामीण क्षेत्रमा प्रशस्त मात्रामा निजी विद्यालय सञ्चालनमा नरहेकाले विशेष गरेर सहरी क्षेत्रलाई छनोट गरियो । सहरी क्षेत्रअन्तर्गत त्रिभुवननगर न.पा. का ६ वटा विद्यालय र तुलसीपुर न.पा. का ३ वटा विद्यालयलाई लिइयो । ग्रामीण क्षेत्रका रूपमा हेकुली गा.वि.स. को १ वटा विद्यालयलाई लिइयो । अध्येताबाट सम्भव भएसम्म विद्यालय पुगेकै दिन कथा शिक्षण गर्न अनुरोध गरियो र अधिकांश विद्यालयबाट उक्त दिनमै समय मिलाएर कक्षा लिई सहयोग गरियो र सम्भव नभएका ठाउँमा त्यसको भोलिपल्ट समय मिलाएर कथा शिक्षण गर्न लगाइयो र तथ्याङ्क सङ्कलन गरियो । कक्षा अवलोकन शिक्षण भइरहेको समयमा गरियो भने प्रश्नावली कक्षा अवलोकन पश्चात् शिक्षकलाई दिइयो । एउटा कथाको पाठ एकैदिनमा शिक्षण गरेर सकेकोले कक्षा अवलोकन एकपटक मात्र गरियो । कक्षा अवलोकन र प्रश्नावली पश्चात् कथा शिक्षणको प्रयोजन, विधि, शिक्षणक्रम र अपनाउनुपर्ने क्रियाकलापको बारेमा शिक्षकलाई बताइयो र सम्भव भएसम्मका विद्यालयमा कथा शिक्षण गरेर कथा शिक्षणका तरिका र उपयोगका बारेमा जानकारी दिइयो ।

### १.७.५ तथ्यको व्याख्या तथा विश्लेषण

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि शिक्षक प्रश्नावली र कक्षा अवलोकन फाराम तयार गरियो । प्रश्नावली फाराममा कथा विद्या शिक्षणसँग सम्बन्धित रेजा (√) चिन्ह लगाउने जम्मा १५ वटा प्रश्नहरू र कथा शिक्षणप्रतिको आफ्नो धारणा व्यक्त गर्ने १ वटा विषयगत प्रश्न राखियो भने कक्षा अवलोकन फाराममा टिपोट

गर्नुपर्ने १४ वटा शीर्षकहरू राखियो । प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई सँगसँगै विश्लेषण गरियो । साथै विश्लेषणलाई प्रतिशतमा देखाइयो । सँगसँगै विश्लेषण गर्न नसकिएका तथ्याङ्कलाई छुट्टाछुट्टै विश्लेषण गरियो ।

## १.८ अध्ययनको सीमा

सीमित समय, आर्थिक कठिनाइ र विविध व्यावहारिक कठिनाइका कारणले यो शोधकार्य कुनै निश्चित स्थानमा गरियो र प्राप्त निष्कर्षलाई समग्र देशमा चलिरहेको शिक्षण अवस्थासँग सामान्यीकरण गरियो । यसका लागि प्रस्तुत शोधपत्रमा दाङ्ग जिल्ला (उपत्यका) भित्रका सरकारी र निजी तथा आवासीय विद्यालय गरी जम्मा २० वटा विद्यालयलाई समावेश गरियो । साधन स्रोतले सम्पन्न नभएको यस जिल्लामा कक्षा ६ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको सर्वेक्षण गरी के कति फरक पर्दछ, त्यसको अध्ययन यसमा गरियो । दाङ जिल्लाका शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाउने क्रियाकलापको अध्ययन, सिद्धान्त र व्यवहार आदि कुराको सर्वेक्षणद्वारा तथ्य पत्ता लगाउनु यसको प्रयोजन रहेको छ । समयको सीमितता, आर्थिक कठिनाइ, शोधको उद्देश्य आदि कारणले गर्दा विद्यालयको प्रशासन पक्ष, विद्यालयको भौतिक पक्ष, विद्यालयको आर्थिक अवस्था, शिक्षकको पेसाप्रतिको झुकाव, मातृभाषा भएका र नभएका शिक्षक, सम्पूर्ण विद्यार्थीको अनुशासितता आदिको अनुसन्धान गरिएको छैन । कक्षा ६ मा "हाम्रो नेपाली किताब" मा रहेका कविता, जीवनी, प्रवन्ध, संवाद, वादविवाद, चिठी, निवेदन आदि सबैको समावेश गरिएको भएतापनि केबल कथा शिक्षण गर्दा अपनाईएका शिक्षण क्रियाकलापको मात्र १ घण्टी सुपरिवेक्षण गरियो । कथा शिक्षणका क्रममा पाठ्यपुस्तकमा समावेश गरिएका विभिन्न किसिमका अभ्यासहरूको समावेश यस शोधपत्रमा गरिएको छैन । धेरै विद्यालयको सर्वेक्षण गर्न समयको सीमितता, भौगोलिक कठिनाइ, आर्थिक कठिनाइ तथा विविध असुविधा आदि कुराले असम्भव भएकोले दाङ जिल्लाभित्रका सरकारी १० वटा विद्यालय र निजी तथा आवासीय विद्यालय १० वटा गरी जम्मा २० वटा विद्यालयलाई समावेश गरियो । दाङ जिल्लाका पनि सौडियार, गोल्टाकुरी, धनौरी,

हेकुली र श्रीगाउँ गा.वि.स. र तुलसीपुर न.पा. र त्रिभुवननगर न.पा. का जम्मा १० वटा सरकारी विद्यालय र तुलसीपुर न.पा., त्रिभुवन न.पा. र हेकुली गा.वि.स. का १० वटा निजी विद्यालयहरूलाई अध्ययन क्षेत्रमा समेटियो । यसरी विद्यालय छनोट गर्दा साधन र सुविधालाई पनि ख्याल गरियो ।

**१.९ शोधपत्रको रूपरेखा**

प्रस्तुत शोधपत्रको रूपरेखा यसप्रकार रहेको छ :-

अध्याय एकः शोधपरिचय

अध्याय दुईः पूर्वकार्यको समीक्षा

अध्याय तीन : कथा शिक्षणको सैद्धान्तिक परिचय

अध्याय चारः तथ्याङ्कको व्याख्या तथा विश्लेषण

अध्याय पाँचः निष्कर्ष र सुझाव

सन्दर्भग्रन्थसूचीः

परिशिष्ट

यिनै मुख्य शीर्षकहरूमा केन्द्रित भएर अध्ययनका अरु उपशीर्षकहरूमा अध्ययन, व्याख्या तथा विश्लेषण गरियो ।

## अध्याय दुई

# पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षाअन्तर्गत प्रस्तुत शोधपत्रको शीर्षकसँग सम्बन्धित विषयवस्तुमा त्यसभन्दा अगाडि अध्ययन अनुसन्धान भएको भए उक्त शोधपत्रको सबल र दुर्वल पक्षलाई केलाउँदै सबल पक्षलाई आत्मसाथ र दुर्वल पक्षलाई सुधारसहित अनुसन्धान गर्नु हो । भाषा शिक्षण अन्य विषयभन्दा फरक किसिमले शिक्षण गर्नुपर्ने विषय हो । विभिन्न किसिमका सीपहरूका माध्यमले भाषामा दक्ष बनाउने विषय भाषा शिक्षण हो । भाषिक सीपमा दक्षता हासिल गराउनका लागि विभिन्न किसिमका क्रियाकलापहरू गराउनुपर्छ । भाषा पाठ्यपुस्तकहरूमा विभिन्न किसिमका विधाहरू राखिएका हुन्छन् । फरक फरक विधाहरूको शिक्षण क्रियाकलाप पनि फरक फरक तरिकाले गर्नुपर्छ । कथा पनि एउटा अलग्गै विधा भएकाले यसको शिक्षण क्रियाकलाप तरिका पनि आफ्नै किसिमको हुन्छ । यो शोधकार्य पनि कक्षा ६ को कथा शिक्षण क्रियाकलापसम्बन्धी शोध नभएकाले त्यस तहमा कथा शिक्षण गर्दा के कस्ता शिक्षण क्रियाकलाप अपनाइएका छन् ? त्यसको जानकारी प्राप्त गर्ने उद्देश्यले गर्न थालिएको छ र हालसम्म शिक्षण विधिसम्बन्धी थुप्रै शोधकार्यहरू भइसकेको तर शिक्षण क्रियाकलापसम्बन्धी कुनै शोधखोज नै नभएकाले शिक्षण विधिलाई नै आधार मानिएको छ । फेरि शिक्षण विधि र शिक्षण क्रियाकलाप पनि आफैमा परिपुरक भएकाले एकको अनुपस्थितिमा अर्कोको कुनै महत्त्व नरहने भएकाले यहाँ शिक्षण विधिलाई नै निकट सहयोगीको रूपमा लिइएको छ । शिक्षण विधिअन्तर्गतका शोधपत्रहरूमा पनि केही मात्रामा शिक्षण क्रियाकलापको चर्चा गरिएकाले यससम्बन्धी अप्रकाशित शोधपत्र र प्रकाशित पुस्तकहरूको यहाँ समीक्षा गरिएको छ ।

हेमाङ्गराज अधिकारीको ‘भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति’ नामक पुस्तकमा विद्यालयसम्बन्धी पाठ्यक्रम र पाठ्यपुस्तकको विकासक्रम भाषासिकाइका सिद्धान्तको संक्षिप्त चर्चा, भाषिक विधा छनोट र स्तरण, भाषा शिक्षणका विभिन्न

पद्धति र विधिहरूबारे चर्चा गरिएको छ । त्यस्तै अधिकारीकै अर्को पुस्तक 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा भाषा शिक्षण गर्दा अपनाउनुपर्ने विभिन्न शिक्षण क्रियाकलापको उल्लेख गरिएको छ । त्यस्तै नेपाली भाषा शिक्षणको आवश्यकता, समस्या, सिद्धान्त, पहिलो भाषा र दोस्रो भाषा सिकाइ तथा भाषाका चारै सीप र तिनका क्रियाकलापको विस्तृत चर्चा गरिएको छ । हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माको 'प्रारम्भिक नेपाली शिक्षण' नामक पुस्तकमा नेपाली भाषा शिक्षणको परिचय, भाषिक सीप र विभिन्न विधा शिक्षणको प्रयोजनजस्ता कुराहरूको उल्लेख गरिएको छ । भोजराज ढुङ्गेल र दुर्गाप्रसाद दाहालको' परिचयात्मक नेपाली शिक्षण' नामक पुस्तकमा खास गरेर प्राथमिक तहमा नेपाली शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापहरूको चर्चा गरिएको छ । केदारप्रसाद शर्मा र माधवप्रसाद पौडेलको नेपाली भाषा र साहित्य शिक्षण नामक पुस्तकमा भाषा र साहित्य शिक्षणको विविध चर्चा गरिएको छ । उक्त पुस्तकमा कथा शिक्षणका क्रियाकलापअन्तर्गत प्रस्तावना, कथाकथन, कठिन शब्दको निराकरण, प्रश्नोत्तर, व्याख्या तथा विश्लेषण र विशिष्ट पंक्तिको व्याख्या आदिको उल्लेख गरिएको छ । डिल्लीराम रिमालको 'नेपाली शिक्षण' नामक पुस्तकमा पनि विशेष गरेर विद्यालय तहका नेपाली भाषा शिक्षण गर्दा अपनाउनुपर्ने क्रियाकलापको चर्चा गरिएको छ । शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा प्रकाशित 'नेपाली भाषा शिक्षण' नामक पुस्तकमा नेपाली विषयका विभिन्न विधाहरू र भाषातत्वहरूको शिक्षणको चर्चाका साथै शिक्षणसँग सम्बन्धित अन्य पक्षहरूको पनि चर्चा गरिएको छ । त्यस्तै माध्यमिक शिक्षा विकास केन्द्रद्वारा प्रकाशित 'निम्नमाध्यमिक तह प्रशिक्षक निर्देशिका' र 'निम्नमाध्यमिक तह प्रशिक्षार्थी निर्देशिका' नामक पुस्तकहरूमा प्रशिक्षक र प्रशिक्षार्थीहरूले भाषा शिक्षण कसरी गर्ने भन्ने सन्दर्भमा विभिन्न शिक्षण क्रियाकलापको चर्चा गर्दै नेपाली भाषा शिक्षण गर्ने तरिकाहरूको चर्चा गरिएको छ ।

शिक्षण विधिसँग सम्बन्धित अप्रकाशित शोधकार्यहरूलाई हेर्दा त्रि.वि. महेन्द्ररत्न क्याम्पस, ताहाचलका तोयानाथ खनालद्वारा वि.सं. २०५३ मा 'कक्षा ५ मा नेपाली

भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' नामक शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्रमा काठमाडौं उपत्यकाका जम्मा ३० विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ र त्यस विद्यालयका भाषा शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिहरूलाई प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको आधारमा तुलनात्मक अध्ययन र विश्लेषण गर्ने कार्य भएको पाइन्छ । भाषा शिक्षण विद्यार्थी केन्द्रित नभएको, शैक्षिक सामग्रीको प्रयोग कमजोर रहेको, विद्यार्थी कार्यकलाप प्रायः निष्कृय भएको र मूल्याङ्कन पक्ष कमजोर रहेको उल्लेख गरिएको छ । सुपरिवेक्षण गर्ने गराउने सम्बद्ध सबै पक्षलाई आंशिकरूपमा मार्गनिर्देशन गर्दै तालिम प्रदान गर्ने संस्थाहरूलाई नीति निर्माण गर्न प्रेरणा दिने काम उक्त शोधपत्रले गरेको छ । भाषा शिक्षणको वास्तविक मर्म बुझी सीप प्रदान विद्यार्थी केन्द्रित शिक्षण विधिको छनोट र प्रयोग गर्ने, शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने अनिवार्यतालाई देखाउने, मूल्याङ्कन प्रक्रियालाई निरन्तरता दिनुपर्ने आदि सुझावहरू उक्त शोधपत्रमा दिइएको छ ।

त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर (२०५५) का लक्ष्मीप्रसाद ढकालले 'कक्षा ५ मा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकको शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्रमा काठमाडौं उपत्यकाभित्रका अनुदान प्राप्त र निजी तथा आवासीय गरी ३० वटा विद्यालयमा गरिएको अध्ययनबाट अनुदान प्राप्त विद्यालयका शिक्षकले प्रयोग गर्ने शिक्षण विधि शिक्षक केन्द्रित र शिक्षण विधिहरूमा एकरूपता पाइएको निष्कर्ष निकालिएको छ भने निजी तथा आवासीय विद्यालयहरूमा अनुदान प्राप्त विद्यालयका तुलनामा एकरूपता नदेखिएको देखाइएको छ । शिक्षण क्रियाकलाप, शैक्षिक सामग्री, योजना र व्यवस्थापन, मूल्याङ्कन आदि पक्ष कमजोर रहेको देखाइएको छ भने शिक्षण विद्यार्थी केन्द्रित हुनुपर्ने, योजना र व्यवस्थापन पक्षमा ध्यान दिनुपर्ने, शिक्षकहरूलाई आवश्यक तालिमको व्यवस्था गरिनुपर्नेजस्ता सुझावहरू उक्त शोधपत्रमा दिइएको पाइन्छ ।

गीरमान थापाद्वारा कक्षा ९ मा 'नेपाली भाषा शिक्षण गर्दा अपनाइएका शिक्षण सिकाइ क्रियाकलापहरूको अध्ययन (२०५६)' शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्रमा माध्यमिक तहमा नेपाली भाषा शिक्षण गर्दा भाषा शिक्षकहरूले प्रयोग गरेका शिक्षण विधिहरूबीच प्रश्नावलीबाट प्राप्त तथ्याङ्क र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरूको तुलनात्मक अध्ययन एवम् विश्लेषण गर्ने कार्य गरिएको छ । उक्त शोधपत्रमा काठमाडौं उपत्यकाभित्रका निजी तथा आवासीय र सरकारी विद्यालय १० वटा, लमजुङबाट ९ वटा र तराईको जिल्ला रूपन्देहीबाट ९ वटा विद्यालयलाई नमुनाको रूपमा लिई आवश्यक तथ्याङ्क सङ्कलन गर्ने गरिएको पाइन्छ । प्रश्नावली र कक्षा अवलोकनबाट सिकाइ वातावरण, कक्षा सुरुवात, विद्यार्थी उत्तरदायित्व, स्रोतसामग्रीहरू, भाषिक सीप शिक्षण गर्ने कार्यकलाप, कालोपाटीको प्रयोग, पाठयोजना, गृहकार्य, मूल्याङ्कन, कक्षाकोठाको व्यवस्थापन र नियन्त्रण, शिक्षण विधि आदिजस्ता पक्षहरूको जानकारी प्राप्त गरी शिक्षण क्रियाकलाप विद्यार्थी केन्द्रित नभएको, कक्षा व्यवथापन, शैक्षिक सामग्रीको प्रयोग, योजना, मूल्याङ्कन आदि पक्ष कमजोर रहेको देखाइएको पाइन्छ । शिक्षण क्रियाकलाप विद्यार्थी केन्द्रित हुनुपर्ने, चारैवटा भाषिक सीपहरूको प्रयोग गरिनुपर्ने, सरकारी र निजी तथा आवासीय विद्यालयबीचमा देखिएका शैक्षणिक असमानतालाई हटाउन सम्बन्धित पक्षले ठोस पहल गर्नुपर्ने, पाठयोजना, शैक्षिक सामग्रीको प्रयोग र मूल्याङ्कन पक्षलाई सबल बनाउँदै जानुपर्ने, वर्णविन्यास शिक्षणमा जोड दिनुपर्ने, व्याकरण शिक्षणमा आगमन विधिको बढी प्रयोग गरिनुपर्ने, शिक्षकहरूलाई आवश्यक तालिमको व्यवस्था गर्नुपर्ने, नेपाली भाषा शिक्षण अझ प्रभावकारी बनाउनुपर्ने, आदिजस्ता सुझावहरू उक्त शोधपत्रमा दिइएको पाइन्छ ।

त्रि.वि. शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, कीर्तिपुर (२०५८) की संगीता कार्कीले 'कक्षा चारमा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा भाषा शिक्षणका लागि अपनाउन सकिने विधिहरूको उल्लेख गर्दै कक्षा चारमा कविता शिक्षण गर्दा अपनाउन सकिने शिक्षण

विधिहरू पनि सुझाएकी छन् । सोही विभागका अनन्तप्रसाद बेल्बासे (२०६०) को 'कक्षा ५ मा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन' नामक शोधकार्यमा भाषा शिक्षणका प्रचलित विधिहरूको उल्लेखका साथै कथाबाट भाषिक सीप विकासका लागि गरिने क्रियाकलापको चर्चा गरिएको छ । उक्त शोधपत्रमा काठमाडौं, अर्घाखाँची र कपिलवस्तु जिल्लाका जम्मा २० वटा विद्यालयलाई नमुनाका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ । कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारामका आधारमा विद्यालयमा कक्षा ५ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधि र क्रियाकलापहरूको उल्लेख गरिएको छ । त्यस्तै कथा शिक्षणको उद्देश्य, विद्यार्थी सहभागिता, भाषिक सीप विकासका बारेमा शिक्षकहरूका विचारहरूको व्याख्या, विश्लेषण गरिएको छ ।

त्यस्तै सोही विभागका देवीदत्त पौडेल (२०६०) ले 'कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा कथा शिक्षण गर्दा अपनाउन सकिने कार्यकलाप र शिक्षण विधिहरूको चर्चा गरेका छन् । उक्त शोधपत्रमा काठमाडौं उपत्यकाभित्रका अनुदान प्राप्त विद्यालय ५ वटा र निजी तथा आवासीय विद्यालय ५ वटा गरी जम्मा १० वटा विद्यालयलाई नमुनाका रूपमा लिइएको छ । शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारामका माध्यमबाट सिकाइ वातावरण, शिक्षकको व्यक्तित्व, कक्षा शुरुवात, पाठको प्रस्तुतीकरण, विद्यार्थी उत्तरदायित्व, कक्षाकोठा व्यवस्थापन, शैक्षणिक कार्यकलाप, योजना, शिक्षण विधि, शैक्षिक सामग्रीको प्रयोग मूल्याङ्कन गृहकार्य आदि पक्षहरूको जानकारी प्राप्त गरी शैक्षणिक योजना, शैक्षिक सामग्रीको प्रयोग, कक्षा व्यवस्थापन, मूल्याङ्कन आदि कमजोर रहेको देखाइएको छ । त्यस्तै उक्त शोधपत्रमा अनुदान प्राप्त र निजी तथा आवासीय विद्यालय, तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक र ग्रामीण र सहरी क्षेत्रका शिक्षककाबीच तुलनात्मक अध्ययन पनि गरेका छन् । सबै भाषा शिक्षकसँग पाठ्यक्रम र शिक्षक निर्देशिका हुनुपर्ने, भाषा शिक्षकहरूबीच आपसमा छलफल हुनुपर्ने, समय समयमा प्रधानाध्यापकले कक्षा निरीक्षण गरी सल्लाह र सुझाव दिनुपर्ने,

शैक्षिक सामग्री, पाठयोजना, मूल्याङ्कन आदिको प्रयोग अत्यधिक मात्रामा गरिनुपर्ने, कथा शिक्षणका सबै क्रियाकलापहरू गराउनुपर्ने, तालिम प्राप्त र अप्राप्त शिक्षकबीचमा रहेका शैक्षणिक असमानतालाई हटाउन तालिम अप्राप्त शिक्षकलाई समय मिलाएर विभिन्न तालिम प्रदान गर्नुपर्ने आदिजस्ता सुझावहरू उक्त शोधपत्रमा दिइएको छ ।

सोही विभागका विनोदकुमार न्यौपाने (२०६२) ले 'कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा कविताको परिचय, प्रयोजन, विद्यालयमा कविता शिक्षण गर्दा अपनाइने शिक्षण विधि र शिक्षण क्रियाकलापको उल्लेख गरेका छन् । उक्त शोधपत्रमा दाङ्ग जिल्लाका सरकारी र निजी तथा आवासीय विद्यालय गरी जम्मा २० वटा विद्यालयलाई नमुनाको रूपमा लिइएको छ । त्यस्तै उनले सरकारी र निजी तथा आवासीय, तालिम प्राप्त र अप्राप्त शिक्षक र ग्रामीण र सहरी क्षेत्रका शिक्षककाबीच तुलनात्मक अध्ययन पनि गरेका छन् । त्यस्तै शिक्षण क्रियाकलाप विद्यार्थी केन्द्रित नभएको, पाठयोजनाप्रति सचेत नरहेको, शैक्षिक सामग्रीको प्रयोग कमै भएको, विद्यार्थी मूल्याङ्कन मौखिकरूपमा मात्र अपनाएको आदि कुराको चर्चा गरिएको छ भने शिक्षण कार्यपूर्व पाठयोजना बनाउनुपर्ने, शिक्षण विद्यार्थी केन्द्रित हुनुपर्ने, शब्दार्थ शिक्षण गर्दा अनिवार्य रूपमा वाक्यमा प्रयोग गर्न लगाउने, विभिन्न किसिमका शैक्षिक सामग्रीको प्रयोग गर्नुपर्ने, अनिवार्य रूपमा दैनिक गृहकार्य दिनुपर्ने आदिजस्ता सुझावहरू उक्त शोधपत्रमा दिइएको छ ।

त्यस्तै सोही विभागका गोपाल बुढाथोकी (२०६२) ले 'कक्षा सातमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' नामक शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ । उक्त शोधपत्रमा काठमाडौं उपत्यकाभित्रका सरकारी विद्यालय ५ वटा र निजी तथा आवासीय विद्यालय ५ वटा गरी जम्मा १० वटा विद्यालयलाई प्रतिनिधि नमुनाका रूपमा लिइएको छ । त्यस्तै सरकारी र निजी तथा आवासीय विद्यालय र तालिम प्राप्त र अप्राप्त शिक्षककाबीच तुलनात्मक अध्ययन पनि गरिएको छ । भाषा शिक्षणका प्रचलित विधिहरूको परिचयका साथै निम्नमाध्यमिक

शिक्षाको उद्देश्य, कविता शिक्षणको प्रयोजन, कविता शिक्षणका प्रचलित विधिहरू, कक्षा सातमा कविता शिक्षणका लागि उपयुक्त विधिहरू र कविता शिक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू आदिको उल्लेख गरिएको छ । त्यस्तै तालिम अप्राप्त शिक्षकका तुलनामा तालिम प्राप्त शिक्षकको शिक्षण क्रियाकलाप स्तरीय रहेको, चारै सीपको प्रयोग नभएको, शिक्षण क्रियाकलाप विद्यार्थी केन्द्रित नभएको आदि कुराको उल्लेख गरिएको छ भने तालिम प्राप्त शिक्षकलाई मात्र शिक्षण पेशामा संलग्न गराउनुपर्ने, तालिम अप्राप्त शिक्षकलाई समय समयमा तालिम, प्रशिक्षण, गोष्ठी आदिद्वारा प्रशिक्षित बनाउनुपर्ने, कविता शिक्षण गर्दा विद्यार्थीलाई बढी सक्रिय बनाउनुपर्ने, विद्यार्थीहरूमा कविता लेखन विकास गराउनका लागि समय समयमा कविता प्रतियोगिता गराउनुपर्ने, दैनिक प्रयोगका सामग्रीका साथै अन्य सहायक शैक्षिक सामग्रीको प्रयोग गरेर शिक्षण क्रियाकलाप गर्नुपर्ने आदि सुझावहरू उक्त शोधपत्रमा दिइएको छ ।

# अध्याय तीन

# कथा शिक्षणको सैद्धान्तिक परिचय

## ३.१ कथा विधाको परिचयः

साहित्यका विविध विधाहरूमध्ये कथालाई पनि एउटा विधाकारूपमा लिइन्छ । यो एउटा ज्यादै लोकप्रिय र अतिप्रचलित विधा हो । कथा गद्यमा रचित आख्यानात्मक विधा हो । आज हामीले साहित्यको एउटा विधाकारूपमा चिनिने कथालाई मूलतः १९ औ शताब्दीको देन मानिन्छ । यसरी कथाको इतिहासलाई यति मै सीमित नराखी यसलाई धेरै अगाडिसम्म बढाउन पनि सकिन्छ । यसको उत्पत्ति मानवको सृष्टिसँगसँगै भएको भनेर अनुमान गर्ने गरिन्छ र पछि समयको परिवर्तनसँगसँगै यसको स्वरूपमा पनि परिवर्तन हुँदै आएको पाइन्छ । कथालाई मानवीय गतिविधि वा विगतमा घटेका घटनाहरूलाई भन्ने र सुन्ने प्रक्रियाकारूपमा लिइन्छ । यसरी कथाको इतिहासलाई हेर्दा यो मान्छेका जीवन जगतसँग सम्बन्धित रहेको भनेर मान्न सकिन्छ । कथन अर्थात् अभिशंसन अर्थ बहन गर्ने संस्कृतको 'कथ्' धातुमा 'अ' प्रत्यय लागेर बनेको कथा विभिन्न भाषामा आ-आफ्ना शब्दले चिनिने गरिन्छ । यसलाई अंग्रेजी शब्द 'स्टोरी' को पर्यायवाचीकारूपमा लिइन्छ । त्यस्तै कथालाई हिन्दीमा 'कहानी', बंगालीमा 'गल्फ' र गुजराँती भाषामा नवलिका' भन्ने गरिन्छ । यसरी बनेको कथा शब्दले सामान्यतह केही कुरा भन्नु वा कथेर बताउनु भन्ने अर्थ बुझाउँछ तर साहित्यिक विधाकारूपमा भने कथा शब्दको विशिष्ट अर्थ छ । हेमाङ्गराज अधिकारी र अन्य (२०६१: २६) का अनुसार "कथा भनेको जीवन्त र रोचक घटनासँग सम्बन्धित आफैमा पूर्ण इतिवृत हो ।"

ललितकलाको एक प्रमुख शाखा साहित्य हो र साहित्यकै एक मुख्य विधा कथा हो । ललितकलाको एक शाखा साहित्य र साहित्यको एक शाखा कथा हुनाले कथा पनि एक किसिमको कला हो । कथा मानव जीवनमा घटित हुने यथार्थ वा सम्भाव्य किसिमका घटनाहरूको वर्णनमै आधारित हुने हुनाले यसलाई एक किसिमले मानव जीवनजत्तिकै पुरानो साहित्यिक विधा मानिन्छ (नरहरी आचार्य, अन्य, २०५०)

पूर्वीय साहित्यमा कथा भनेर चिनिने साहित्यिक विधालाई पश्चिमी साहित्यमा 'सर्ट स्टोरी' भनेर चिनिन्छ । पश्चिममा पनि कथाको सुदीर्घ परम्परा छ । मिश्रको 'भग्नपीतको नावीका, सेरना र जादुको पोस्तक' जस्ता कथाहरूले पश्चिमी कथाको प्राचीनतालाई सङ्केत गर्दछन् (शर्मा, २०५०: ५८) । पूर्वीय साहित्यमा जति प्राचीन कथाको गहकिलो र चहकिलो परम्परा पश्चिमी साहित्यमा देखिदैन । पश्चिममा कथा भनेर चिनाउने श्रेय विशेष गरेर मिश्रेली हिब्रु र अरबेली प्राचीन खिस्साहरूलाई छ ।

कथा साहित्यको अति पुरानो विधा हो । कथामा मानिसका सुख-दुःख, प्रेम-घृणा, पीडा, आवेग, संवेग आदिलाई चित्रित गरिएको हुन्छ र त्यही भाव वा अनुभूति एक अर्कालाई सुनाउँदै जाँदा कथाले आजको यस अवस्थासम्म आइपुग्ने अवसर प्राप्त गरेको हो, जसलाई आज साहित्यको एक उत्कृष्ट विधाकारूपमा चिनिने गरिन्छ । त्यस्तै प्रारम्भमा दन्त्यकथाकारूपमा सुनिने कथाले आज आएर लिखितरूप समेत ग्रहण गरिसकेको छ । कथाको इतिहास हेर्दा यसको लेख्यरूप ज्यादै पुरानो छ । अझ पूर्वमा यसको इतिहास व्यापक छ । पूर्वमा वेद, पुराण, उपनिषद, महाभारत, रामायणजस्ता प्राचीन ग्रन्थहरूका साथै बृहत्कथा, कथासरित्सागर, पञ्चतन्त्र र हितोपदेशमा विभिन्न किसिमका कथाहरू पाइन्छन् । त्यस्तै पश्चिममा पनि कथाको अध्ययन, चिन्तन, गर्ने अध्येताहरू प्रशस्तै छन् । आज गद्य साहित्यको एक प्रमुख हाँगा मानिने कथा संस्कृत साहित्यमा व्यक्त गरिएको कथा नभई अङ्ग्रेजी साहित्यको 'सर्ट स्टोरी' हो, जसलाई आधुनिक कथाकारूपमा चिनिन्छ । यसरी आधुनिक कथाको सृजनाको श्रेयकारूपमा पश्चिमी साहित्यलाई लिइन्छ ।

यसरी कथालाई पूर्व र पश्चिममा भिन्ना-भिन्नैरूपमा चिनिदै आएपनि समग्रमा निश्चित पात्र, छोटो आकार, लगभग एकै बसाइमा पढ्न सकिने, कुनै घटना वा अनुभूतिलाई प्रस्तुत गरिएको गध्याख्यानलाई कथा भनिन्छ ।

## ३.२ कथा शिक्षणको परिचय

साहित्यका विविध विधाहरूमध्ये कथालाई पनि एउटा विधाकारूपमा लिइन्छ । कथा विधा प्राचीन र सम्बृद्ध विधा हो । मानव सभ्यताको आरम्भ देखि नै मनोरञ्जन, आनन्दको साधनकारूपमा कथा भन्ने र सुन्ने परम्पराको विकास हुँदै आएको पाइन्छ । कथा साहित्यका विविध विधाहरूमध्ये एक लोकप्रिय विधा हो । गद्य विधाअन्तर्गत पर्ने कथा साहित्यको श्रव्य तथा दृश्य भेदमध्ये श्रव्य भेदमा पर्छ ।

हेमाङ्गराज अधिकारी र अन्यका अनुसार "कथा भनेको जीवन्त र रोचक घटनासँग सम्बन्धित आफैंमा पूर्ण इतिवृत्त हो । कथाले विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा सकारात्मक प्रभाव पारेको हुन्छ । मानिसका सुख-दुःख, हर्ष-रोदन, जीवनका उकालीओराली अप्ठेरा-सप्ठेरा सबै कुराहरू कथामा प्रस्तुत गरी रोमाञ्चक ढङ्गले प्रस्तुत गर्न सकिने भएकाले भाषा शिक्षणमा कथा शिक्षणको आफ्नै छुट्टै पहिचान रहेको हुन्छ । कथा शिक्षणबाट विद्यार्थीहरूलाई मनोरञ्जन, कौतूहलता प्राप्त हुनुका साथै उत्सुकता र कल्पनाशीलताको विकास गर्न सहयोग पुग्दछ । त्यस्तै विद्यार्थीको मानसिक, सामाजिक र नैतिक विकासमा कथाले सकारात्मक प्रभाव पारेको हुन्छ ।

विद्यार्थीहरूमा स्पष्ट एवम् क्रमिक रूपले घटनाक्रम मिलान गर्न सक्ने, विचार गर्न सक्ने, विभिन्न विषय क्षेत्रका शब्दभण्डारको विकास गर्न सक्ने एवम् तिनको प्रयोग गर्ने सुझावको विकास गर्न कथा शिक्षणले सघाउँछ । कथाबोधबाट संवेगात्मक अनुभूति र कल्पना शक्तिको विकास गर्न सक्ने क्षमताको अभिवृद्धि गर्न महत्त्वपूर्ण रूपमा सहयोग पुग्दछ ।

कथा शिक्षण गर्दा द्रूतपठन एवम् गहनपठन विधिका साथै कथाकथन, सारांश कथन, घटनाक्रम मिलाउने, कथा लेख्नेजस्ता विविध क्रियाकलाप गर्न सकिन्छ । त्यस्तै अन्य भाषिक सीप विकासका क्रियाकलापहरू पनि कथा शिक्षणमा उत्तिकै महत्त्वपूर्ण हुन्छन् ।"[ञ]

---

[१] हेमाङ्गराज अधिकारी र अन्य, हाम्रो नेपाली किताब शिक्षक निर्देशिका (कक्षा-आठ) पाठ्यक्रम विकास केन्द्र, भक्तपुरः २०६१, पृ. २६ ।

## ३.३ भाषा शिक्षणका दृष्टिले कथाको प्रयोजन

भाषा शिक्षण भनेको भाषिक सीपहरूको शिक्षण हो । नेपालका माध्यमिक तहसम्ममा नेपाली शिक्षण गर्नुको मुख्य उद्देश्य विद्यार्थीहरूलाई भाषिक सीपहरूको शिक्षणका माध्यमबाट उनीहरूमा भाषिक दक्षता अभिवृद्धि गर्नु हो । भाषिक सीप विकासका लागि विभिन्न विधा शिक्षणका साथै भाषातत्व र शब्दभण्डारलाई माध्यम बनाउन सकिन्छ । कथा विधा भाषिक सीप विकास गराउनका लागि भाषा पाठ्यपुस्तकमा समेटिएको एउटा महत्वपूर्ण विधा हो । कथालाई कक्षामा भन्न, सुन्न र लेख्न लगाउने कार्यकलापमा प्रयोग गर्न सकिन्छ । साथै शब्दवर्ग, सङ्गति र वाक्यगठनजस्ता पक्षहरूमा विद्यार्थीहरूलाई परिचित गराउन पनि कथाको उपयोग गर्न सकिन्छ । कथा शिक्षणबाट द्रूर्तपठन गर्ने ज्ञान र सीपको विकास पनि गर्न सकिन्छ ।

"भाषा शिक्षणका लागि कथालाई निकै उपयोगी बनाउन सकिन्छ । घटनातत्व वा कथानक कथाको मूल विन्दु वा विशेषता हो र उक्त कुराले गर्दा कथाको विषयवस्तु पकड्न तथा बुझ्न शिक्षार्थीहरूलाई सजिलो पर्छ । फेरि शैक्षणिक दृष्टिले प्रस्तावित कथाहरू जीवन्त वा रोचक घटनासँग सम्बन्धित हुन्छन र यिनको गुम्फन तथा प्रस्तुतीकरण शिल्पले पनि शिक्षार्थीहरूका लागि कथा ग्राह्य बन्न पुग्छ । विषयवस्तुका दृष्टिले जटिलता नहुनु, वर्णनात्मक शैली हुनु, भाषामा कथ्यको प्रभाव हुनु, सरल वाक्यगठन तथा शब्दप्रयोग हुनु, आदि कुरा अन्य गद्य विधाका अपेक्षा कथामा फेला पर्छन् । त्यसैले कथा सामान्य बोध क्षमताको विकासका लागि र विभिन्न विषयक्षेत्रका शब्दभण्डारको विकासका लागि पनि निकै उपयोगी हुने देखिन्छ । पाठ्यपुस्तकमा राखिएका कथाहरू शब्दभण्डार र बोध क्षमताको लागि विशेष गरेर उपयोग गरिने हुनाले यिनको मुख्य प्रयोजन पाठ्य नै ठहर्छ तर पनि कथालाई श्रव्य र कथ्यकारूपमा अझ लेख्यकारूपमा पनि उपयोगी बनाउन सकिन्छ । भनाइको आशय के हो भने पाठ्यपुस्तकका कतिपय कथालाई नमूना मानी वा आधार बनाई शिक्षार्थीहरूलाई कथा भन्न वा सुनाउन र सुन्न लगाउने र त्यसका आधारमा कथा बनाउन वा लेख्न

लगाउने गर्न पनि सकिन्छ अथवा कथाका विभिन्न शैलीसँग परिचित भई तद्नुरूप कथाकथन तथा कथालेखन शैलीको सामान्य विकास गर्न पनि पाठ्यपुस्तकका कथालाई केही हदसम्म उपयोगी बनाउन सकिने देखिन्छ ।

विभिन्न भाषातत्व वा व्याकरण तत्वहरूसँग परिचित हुन र तत्सम्बन्धी अभ्यासका लागि पनि कथालाई विशेष उपयोगी बनाउन सकिन्छ । उदाहरणार्थ, विभिन्न वाक्यगठन, वाक्यसंगति, शब्दवर्ग आदिको पहिचान र अभ्यासका लागि कथा विशेष उपयोगी हुन सक्छ किनभने भाषाको प्रयोगगत दृष्टिले कथामा अन्य गद्य विधाका अपेक्षा विविधता पाइन्छ र यसमा विषयवस्तुगत सघनता कम हुने हुनाले पनि कथा उक्त व्याकरणतत्वहरूको पहिचान र अभ्यासका लागि सजिलो सामग्री हुन सक्ने देखिन्छ । फेरि कथा कथ्य भाषासँग नगिचिएको लेख्य पाठ्य विधा हुनाले यसलाई उखान टुक्का जस्ता वाक्पद्धतिहरूको प्रयोग एवम् अभ्यासका लागि पनि उपयोगी बनाउन सकिन्छ । उक्त कुराका साथै कतिपय कथाहरूलाई द्रूतपठन सीपको विकासार्थ उपयोग गर्नु पनि उपयुक्त हुन्छ ।"( अधिकारी २०५३,१७१)

कथा शिक्षणका प्रयोजनहरूलाई निम्नलिखित बुँदामा प्रस्तुत गर्न सकिन्छ :

(क) भाषिक संरचना बुझ्ने क्षमताको विकास गर्नु,

(ख) बालबालिकामा शब्दभण्डारको विकास गर्नु,

(ग) साहित्यप्रति अभिरुचि जगाउनु,

(घ) तार्किक शक्ति र सिर्जनात्मक शक्तिको विकास गर्नु,

(ङ) कल्पना शक्तिको विकास गर्नु,

(च) कथालाई सीपमूलक ढङ्गले अभ्यास गराउनु,

(छ) शुद्ध उच्चारण गर्ने दक्षताको विकास गर्नु,

(ज) भाषिक सीपहरूको विकास र अभिव्यक्ति क्षमताको अभिवृद्धि गर्नु,

(झ) सिर्जनात्मक क्षमताको विकास गर्नु,

(ञ) बोध क्षमताको विकास गर्नु,

(ट) सारांशकथन र लेखन क्षमताको विकास गर्नु ।

## ३.४ कक्षा ६ मा कथा शिक्षणका प्रयोजनपरक उद्देश्यहरू

कुनै कक्षामा के-कति सिकाउने भनेर पाठ्यक्रममा उद्देश्यको निर्माण गरिन्छ । उद्देश्यअनुसार पाठ्यक्रम तयार गरिन्छ र तिनै उद्देश्यलाई हासिल गर्नका लागि पाठ्यक्रममा निर्धारण गरिएका विषयवस्तुका आधारमा पाठ्यपुस्तक तयार गरिन्छ । भाषा पाठ्यपुस्तकमा छनोट र स्तरणका आधारमा विषयवस्तुको कमजोरी भएमा पाठ्यक्रम जति राम्रो भए पनि त्यसका उद्देश्यहरू पूरा हुन सक्दैनन् । निम्नमाध्यमिक तहको नेपाली भाषा पाठ्यपुस्तक 'हाम्रो नेपाली किताब' बाट पाठ्यक्रमको उद्देश्य पूरा हुन्छ कि हुँदैन भनेर समय-समयमा अध्ययन अनुसन्धान भएको खण्डमा मात्र कमी कमजोरीहरूलाई सुधार गर्दै भाषिक सीप हासिल गराउन सकिन्छ । त्यस्तै कक्षा ६ को भाषा पाठ्यपुस्तकको मूल्याङ्कन भविष्यमा हुँदै गएको खण्डमा शैक्षिक स्तरलाई उठाउन सहयोग पुऱ्याउने छ । यहाँ कथा विधाबाट पाठ्यक्रमले राखेका कक्षा ६ को कक्षागत उद्देश्यका आधारमा व्याख्या तथा विश्लेषण गर्नु उपयोगी हुन्छ । कक्षा ६ को कथासँग सम्बन्धित कक्षागत उद्देश्यहरू यसप्रकार छन्-

### सुनाइ र बोलाइ

(१) उच्चरित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन,

(२) शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न,

(३) सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन,

(४) स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन,

(५) अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न,

(६) सिलसिला र हाउभाउ मिलाई बोल्न ।

**पढाइ**

(१) लिखित सामग्रीहरूको मौनवाचन गर्न,

(२) मुख्यमुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न,

(३) विभिन्न विधाका पाठहरू भाव ठम्याई पढ्न,

(४) पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न,

(५) विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको वृद्धि गर्न,

**लेखाइ**

(१) हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न,

(२) शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न,

(३) सुनेका, पढेका विषयवस्तुको सार लेख्न,

(४) वाक्यमा पदसङ्गति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न,

(५) आफूले देखेका, बुझेका वस्तु तथा घटनाहरूको लिखित वर्णन गर्न ।

यी माथिका उद्देश्यहरू कथा विधाबाट प्राप्त गर्न सकिन्छ ।

यसरी माथि उल्लेखित उद्देश्यहरू कथासँग सम्बन्धित भएपनि प्रत्यक्षरूपमा कथासँग सम्बन्धित उद्देश्यहरू यसप्रकार छन् :-

**सुनाइ र बोलाई**

(१) अरुले व्यक्त गरेका कुरा ध्यानपूर्वक सुनी आफ्नै शब्दमा अभिव्यक्त गर्न,

(२) साहित्यका विविध विधाहरू (कथा, कविता, गीत आदि) आनन्द लिनेगरी सुन्न,

(३) आफूले देखेका, सुनेका र पढेका वस्तु, वातावरण र घटनाका विषयमा मौखिकरूपमा वर्णन गर्न ।

**पढाइः**- (१) साहित्यका विविध विधाहरू पढी तिनमा व्यक्त गरिएका कुराहरू बुझ्न ।

**लेखाइः-** (१) आफूले देखे, सुनेका र पढेका वस्तु तथा घटनाहरूको विषयमा लिखितरूपमा वर्णन गर्न ।

## ३.५ कथा शिक्षणको महत्व

भाषा शिक्षण गर्नुको प्रमुख प्रयोजन भाषिक सीप विकास गर्नु नै हो । यसका लागि भाषा पाठ्यपुस्तकमा कथा, कविता, जीवनी, नाटक, निबन्धजस्ता विविध विधाहरूलाई समावेश गरिएको हुन्छ । त्यसमध्ये कथा विधालाई तल्लो कक्षादेखि उच्च तहसम्म नै प्रमुख विधाकारूपमा छनोट गरिएको छ । कुनै पनि साहित्यिक विधाप्रति पाठकवर्ग आकर्षक हुनाको प्रमुख कारण साहित्यले मानवलाई आनन्दानुभूति गराउँछ । त्यसमध्ये पनि कथा एक लोकप्रिय विधा मानिन्छ ।

चाहे लोककथा वा नीतिकथा होस्, एक दुईवटा कथा नजान्ने मानिसहरू दुर्लभ नै होलान् । समाजमा आमाका काखमा हुँदादेखि वृद्ध अवस्थासम्म पनि कथा त्यति कै रोचकरूपमा भन्ने र सुन्ने गरिएको पाइन्छ ।कथाले मानिसलाई आनन्दानुभूति गराउँछ तथा उखान-टुक्काको प्रयोग गर्ने सीपको विकास गराउँछ । बोलाइको विकासमा सहयोग पुऱ्याउँछ । कथा लेखनले यति मात्र नभएर समाजमा भएका कुरीति, कुसंस्कारको पर्दाफास गरेर त्यस्ता कुराहरूलाई समाजबाट हटाउनमा ठूलो सहयोग पुऱ्याउँछ । नैतिकताले मानवीय मूल्य र मान्यताको विकासमा सहयोग पुऱ्याउँछ । कथा शिक्षणद्वारा बालबालिकाको मनस्थिति स्वच्छ बनाउनमा ठूलो सहयोग पुग्दछ । कथा कुनै पनि समाजको सामाजिक अवस्थाको प्रतिबिम्ब भएकाले समाजलाई हेर्न ऐनाको काम गर्नमा यसको ठूलो भूमिका रहेको हुन्छ । अलिखित कुराहरू पूरा गराउन नै कथा शिक्षण गरिन्छ । कुनै पनि भाषाको शिक्षणमा कथा विधाले शब्दभण्डार, वाक्यगठन, वर्णविन्यासजस्ता सीपमा सहयोग पुऱ्याएको हुन्छ ।

## ३.६ कथा शिक्षणका लागि अपनाउन सकिने कार्यकलापहरूको परिचय

शैक्षणिक उद्देश्य प्राप्तिका लागि प्रभावकारी शिक्षणसिकाइ कार्यकलापको आवशयकता पर्छ । खासगरी यहाँ कथा शिक्षण गर्दा विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकास गराउन अपनाउन सकिने भाषिक कार्यकलापहरूको छोटो सैद्धान्तिक परिचय दिने प्रयास गरिएको छ :-

### ३.६.१ कथाकथन

कथा भन्ने वा सुनाउने प्रक्रिया नै कथाकथन हो । यसमा कुनै पनि घटनालाई कथाकोरूपमा प्रस्तुत गरी मौखिक वा लिखितरूपमा संयोजन गरिन्छ । कथाकथनका लागि निर्दिष्ट पाठ्यपुस्तकदेखि बाहेकका अन्य सामग्रीहरूबाट पनि कथाहरू लिन सकिन्छ साथै विद्यार्थीहरूले सुनेका विविध खालका कथाहरू पनि भन्न लगाउन सकिन्छ ।

### ३.६.२ सस्वर र मौनपठन

सस्वरपठन पढाइ सीपको विकासको प्रारम्भिक चरण हो । पुस्तकमा भएका कथालाई शिक्षकले सर्वप्रथम सस्वरवाचन गरिदिने र विद्यार्थीहरूलाई सोहीअनुरूप वाचन गर्न लगाउनुपर्छ । कथाको केही अंश पढेर सुनाउनका लागि विद्यार्थीहरूलाई अग्रसर गराउने र उनीहरूलाई क्रमश: अभ्यस्त बनाउँदै लैजानुपर्छ । सस्वरपठन क्रियाकलापको सञ्चालनमा भेटिएका त्रुटिहरूलाई औलाइदिने गर्नुपर्छ ।

मौनपठन कथाको बोधका निम्ति आवश्यक क्रियाकलाप हो । मौनपठन गराउँदा ध्यानपूर्वक पढ्ने बानीको विकास हुन्छ र थोरै समयमा धेरै सामग्रीको अध्ययन गर्ने र बोधक्षमता पनि बढ्ने हुन्छ ।

### ३.६.३ शब्द तथा उखान-टुक्काको प्रयोग

विद्यार्थीहरूलाई सम्बन्धित कथाभित्र रहेका कठिन शब्द र विभिन्न उखान-टुक्काको अर्थ र प्रयोगमा अभ्यास गराउनु नै शब्द वा उखान-टुक्काको प्रयोग शिक्षण

क्रियाकलाप हो । निर्दिष्ट कथाको सस्वर तथा मौनवाचन गरेपछि त्यहाँ प्रयुक्त शब्द तथा उखान-टुक्काहरूलाई वाक्यमा प्रयोग गर्न लगाउनु उपयुक्त हुन्छ । प्रस्तुत क्रियाकलाप बोधप्रश्नोत्तर वा पठनबोधको अभ्यास गराउनुभन्दा पहिले गराउनुपर्छ । त्यसो गरेमा विद्यार्थीहरूलाई पाठको विषयवस्तु बुझ्न सजिलो पर्छ ।

### ३.६.४ बोधप्रश्नोत्तर

सम्बन्धित विधाका विभिन्न अनुच्छेद पढी त्यसमा रहेका विषयवस्तुको बोध गरी त्यससँग सम्बन्धित प्रश्नहरूको उत्तर दिनु नै बोधप्रश्नोत्तर हो । यसको मुख्य उद्देश्य विद्यार्थीहरूमा बोध सामर्थ्यको विकास गर्नु नै हो । बोधक्षमताको विकासका लागि कथा विधाको शिक्षण आवश्यक ठानिन्छ । यसका लागि विद्यार्थीहरूलाई कथाको कुनै अंश छनोट गरी मौनवाचन गर्न लगाउने र त्यसपछि त्यसमा भएका स्तरसुहाउँदा प्रश्न सोध्ने र विद्यार्थीहरूबाट उपयुक्त उत्तर नआएमा शिक्षकले त्यसलाई सच्याइदिने गर्नुपर्छ । तल्ला कक्षाका विद्यार्थीहरूलाई मौनवाचन सम्भव नहुने भएकाले सस्वरवाचन गराएर पनि बोधप्रश्नोत्तर क्रियाकलाप गराउन सकिन्छ ।

### ३.६.५ सारांशकथन

सम्बन्धित विधाको पाठ सुनी वा पढी त्यसमा रहेका मुख्यमुख्य कुराको प्रस्तुतीकरण नै सारांश हो । निर्दिष्ट कथाको सार खिचेर भनिदिएपछि विद्यार्थीमा कथासम्बन्धी एउटा निश्चित धारणा बन्दछ । सार ग्रहण गर्ने क्रममा विद्यार्थीको स्तरको ख्याल गरी तल्ला कक्षाका लागि कथाको अंश नै विद्यार्थीलाई पढ्न लगाई त्यसको सम्बन्धित प्रश्नहरूका माध्यमबाट सार बुझ्न लगाउनुपर्छ । यसका लागि सस्वरवाचन मौनवाचन, शब्दको अर्थ र अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्ने, वाक्य निर्माण, बोधप्रश्नोत्तर र सारांशसम्बन्धी अभ्यास गराउनुपर्छ ।

### ३.६.६ घटनाक्रम मिलाउने

यो सम्बन्धित कथाका मुख्य घटनाहरूलाई छ्यासमिस पारी कक्षामा प्रस्तुत गरेर विद्यार्थीहरूलाई ती घटनाहरू क्रमानुसार भन्न वा लेख्न लगाउने क्रियाकलाप हो । यसमा कुनै कथालाई उल्टोपाल्टो गरी भनिदिने र विद्यार्थीलाई मिलाएर भन्न लगाउने वा लेख्न लगाउने गर्नुपर्छ साथै कुनै खास घटनाको मुख्य अंश दिने र बाँकी अंश पूरा गर्न लगाउने गर्नुपर्छ ।

### ३.६.७ घटनावर्णन र घटनाटिपोट

कथा मूलतः घटनाहरूको प्रस्तुति हो । यसका लागि शिक्षकले सर्वप्रथम कथाका घटनाहरूको वर्णन गर्ने र विद्यार्थीलाई मौखिक वा लिखितरूपमा घटनाको वर्णन गर्न लगाउनुपर्छ ।

घटना-टिपोट क्रियाकलाप गराउँदा कुनै कथा दिई कथाका मुख्यमुख्य घटनाको टिपोट गराउनुपर्छ । यसमा सर्वप्रथम शिक्षकले कुनै कथाबाट घटना कसरी टिप्ने भनी उदाहरण प्रस्तुत गरी त्यसकै आधारमा विभिन्न घटना प्रधान कथा दिई मुख्य घटनाहरूको टिपोट गर्न लगाउनुपर्छ ।

### ३.६.८ श्रुतिलेखन

शिक्षार्थीहरूको शिक्षणसिकाइ प्रक्रियामा सुनाइको महत्वपूर्ण भूमिका रहन्छ । यदि वक्ताले भनेका कुनै पनि कुराहरूलाई श्रोताले स्पष्टरूपमा सुन्न सकेन भने त्यसले शिक्षण सिकाइ क्रियाकलापमा नराम्रो असर पुऱ्याउँछ । यसरी कुनै वर्णयुग्म, शब्दयुग्म, वाक्यसमूह वा अनुच्छेद सुनेका आधारमा तिनको वर्णविन्यास उपयुक्त (सही) तरिकाले मिलाई लेख्न अभ्यास गराउने क्रियाकलाप नै श्रुतिलेखन हो ।

### ३.६.९ श्रुतिरचना

कुनै घटना, प्रसङ्ग वा विषयवस्तुलाई सुनेका, बुझेका आधारमा तिनको सिलसिला मिलाई कुनै रचनाको निर्माण गर्न लगाउने कार्यकलाप श्रुतिरचना हो ।

यसका लागि कुनै स-साना कथाहरूको वर्णन गरेर त्यसको मौखिक वा लिखित उत्तर दिन लगाएर पनि गर्न सकिन्छ ।

### ३.६.१० वस्तु तथा चित्रवर्णन

विद्यार्थीहरूलाई निर्दिष्ट कथाभित्र भएका वस्तु तथा चित्रहरू देखाई तिनका बारेमा लिखित तथा मौखिकरूपमा वर्णन गर्न लगाउने कार्यकलाप नै वस्तु तथा चित्रवर्णन हो । यसले विद्यार्थीहरूमा कुनै कुराको अवलोकन पश्चात त्यसलाई जस्ताको तस्तै व्यक्त गर्न सक्ने क्षमताको विकास गर्छ ।

### ३.६.११ बुँदाटिपोट

विद्यार्थीहरूलाई कुनै पाठ्यसामग्री पढ्न लगाएर त्यसमा व्यक्त गरिएका मुख्यमुख्य कुराहरू बुँदागत रूपमा टिप्न लगाउने कार्यकलाप नै बुँदाटिपोट हो । यसले विद्यार्थीमा कुनै पाठ्यंश पढेर त्यसमा भनिएको मुख्य सार बुझ्न सक्ने क्षमताको विकास गर्छ ।

### ३.६.१२ सारांशलेखन

विद्यार्थीहरूलाई कुनै लिखित सामग्रीहरू दिएर त्यसमा भनिएका मुख्य कुरा नछुटाई त्यसको सारांश लेख्न लगाउने कार्यकलाप नै सारांशलेखन हो । यसले विद्याथीहरूमा पढेका कुराहरूलाई छोटकरीमा सिलसिलाबद्ध ढङ्गले मिलाएर लेख्न सक्ने क्षमताको विकासमा सहयोग पु¥याउँछ ।

### ३.६.१३ कथारचना

विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा पढेका वा सुनेका आधारमा कुनै वस्तु वा घटनालाई लिएर त्यसमा फरक किसिमका पात्रहरूको चयन गरी त्यस्तै किसिमको वा अलग ढाँचामा अर्कै कथा बनाई लिखितरूपमा प्रस्तुत गर्नु कथारचना हो । यसले गर्दा विद्यार्थीहरूमा साहित्यका विविध विधामा सिर्जनात्मक लेखन क्षमताको विकास गर्छ ।

## अध्याय-चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

### ४.१ परिचय

शोधकार्यका उद्देश्यहरू पूरा गर्ने क्रममा यस अध्यायमा व्याख्या तथा विश्लेषण गरियो । यसरी शिक्षक-प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई तुलना गर्दै आएको नतिजालाई प्रतिशतमा राखियो । यस कार्यका लागि दाङ्ग जिल्लाका सरकारी र निजी तथा आवासीय गरी दुई प्रकारका विद्यालयहरूलाई छनोट गरियो । यसरी उक्त विद्यालयका नेपाली भाषा शिक्षकहरूले शिक्षण गर्दा अपनाउने क्रियाकलापको कक्षा अवलोकन र प्रश्नावली फारामको शिक्षकहरूले दिएको उत्तरहरूको विश्लेषण यस अध्यायमा गरियो । शिक्षक प्रश्नावली फाराम र कक्षा अवालोकनबाट प्राप्त तथ्याङ्कहरूलाई विभिन्न शीर्षकहरूमा राखी व्याख्या तथा विश्लेषण गरियो ।

### ४.२ विद्यालय र शिक्षकको विवरण

तालिका नं. १

| | | |
|---|---|---|
| विद्यालयको किसिम | सरकारी विद्यालय | १० |
| | निजी विद्यालय | १० |
| जम्मा | | २० |

तथ्याङ्क सङ्कलनका लागि दाङ्ग जिल्लाका छनोट गरिएका विद्यालयहरूमा सरकारी विद्यालय १० वटा र निजी तथा आवासीय विद्यालय पनि १० वटा गरी जम्मा २० वटा विद्यालय रहेका छन् । सरकारी र निजी विद्यालयहरूका जम्मा २० जना शिक्षकहरूमा तालिम प्राप्त शिक्षक र तालिम अप्राप्त शिक्षक भनी छुट्टयाइएको छैन साथै दाङ्ग जिल्लाका ग्रामीण क्षेत्रमा वर्तमान द्वन्द्वका कारण निजी विद्यालयहरू सञ्चालनमा नरहेकाले उक्त क्षेत्रबाट निजी विद्यालयको नमुना सङ्कलन

गर्न नसकिएकोले ग्रामीण र सहरी क्षेत्रका विद्यालयका भाषा शिक्षक भनेर पनि छुट्ट्याइएको छैन ।

## ४.३ शिक्षक प्रश्नावली र कक्षा अवलोकन फारामबाट प्राप्त तथ्याङ्क र विश्लेषण

यस अध्ययनको उद्देश्य प्राप्तिका लागि शिक्षक प्रश्नावली फाराममा जम्मा १५ वटा बहुवैकल्पिक प्रश्न समावेश गरिएको थियो । उक्त शिक्षक प्रश्नावली फाराम कक्षा अवलोकन पश्चात शिक्षकहरूमा राखिएको थियो । शिक्षक प्रश्नावलीमा राखिएका विविध शीर्षकगत प्रश्नबाट प्राप्त उत्तरलाई प्रतिशतमा देखाइएको छ र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कलाई पनि यसै गरी प्रतिशतमा सँगसँगै देखाइएको छ । यी दुवैबाट प्राप्त नतिजालाई तुलनात्मक रूपमा विश्लेषण गरियो ।

### ४.३.१ पाठयोजना

कक्षा शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| बनाउने | नबनाउने | जम्मा | बनाउने | नबनाउने | जम्मा |
| ८ | २ | १० | ९ | १ | १० |
| ८०% | २०% | १००% | ९०% | १०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जान शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) ले पाठयोजना बनाउने र २ जना (२० प्रतिशत) ले नबनाउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये

९ जना (९० प्रतिशत) ले पाठयोजना बनाउने र १ जना (१० प्रतिशत) ले पाठयोजना नबनाउने बताए ।

माथिका प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरूलाई हेर्दा सरकारी र निजी विद्यालयका शिक्षकहरू पाठयोजनामा समान नरहेको पाइयो । यसरी हेर्दा पाठयोजनामा सरकारी विद्यालयका शिक्षकभन्दा निजी विद्यालयका शिक्षक केही सचेत रहेको पाइयो तर कक्षा अवलोकन गर्दा सरकारी र निजी दुवै विद्यालयका कुनै पनि शिक्षकले पाठयोजना नबनाएको पाइयो । उनीहरूलाई पाठयोजना देखाउन लगाउँदा अल्मलिएकाले पाठयोजनाप्रति लापरवाही अपनाएको पाइयो ।

### ४.३.२ कथा शिक्षणको अपेक्षित उद्देश्य

कक्षा ६ को हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरू शिक्षकले शिक्षण गर्दा भाषिक सीप विकास र साहित्यिक रसास्वादनमध्ये कुन उद्देश्य राखेर कथा शिक्षण गरिरहेका छन् भन्ने सम्बन्धमा प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यस प्रकार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ३

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| भा.सी.वि. | सा.र. | जम्मा | भा.सी.वि. | सा.र. | जम्मा |
| ७ | ३ | १० | ८ | २ | १० |
| ७०□ | ३०□ | १००□ | ८०□ | २०□ | १००□ |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७० प्रतिशत) ले भाषिक सीप विकासका लागि र ३ जना (३० प्रतिशत) ले साहित्यिक रसास्वादनका लागि कथा शिक्षण गर्ने बताए भने निजी

विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) ले भाषिक सीप विकासका लागि र २ जना (२० प्रतिशत) ले साहित्यिक रसास्वादनका लागि कथा शिक्षण गर्ने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ४

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| भा.सी.वि. | सा.र. | जम्मा | भा.सी.वि. | सा.र. | जम्मा |
| ५ | ५ | १० | ३ | ७ | १० |
| ५०□ | ५०□ | १००□ | ३०□ | ७०□ | १००□ |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ५ जना (५० प्रतिशत) ले भाषिक सीप विकासका लागि र ५ जना (५० प्रतिशत) ले साहित्यिक रसास्वादनका लागि कथा शिक्षण गरिएको पाइयो भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ३ जना (३० प्रतिशत) ले भाषिक सीप विकासका लागि र ७ जना (७० प्रतिशत) ले साहित्यिक रसास्वादनका लागि शिक्षण गरिएको पाइयो ।

शिक्षक प्रश्नावलीबाट प्राप्त नतिजालाई हेर्दा सरकारी र निजी दुवै विद्यालयका अधिकांश शिक्षकहरूले कथा शिक्षण गर्दा भाषिक सीप विकास गर्ने उद्देश्य राखेर शिक्षण गर्ने गरेको पाइयो तर कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका पचास प्रतिशतले मात्र भाषिक सीप विकासका लागि कथा शिक्षण गर्ने गरेको पाइयो भने निजी विद्यालयका तीस प्रतिशतले मात्र भाषिक सीप विकासका लागि कथा शिक्षण गर्ने गरेको पाइयो । यसरी दुवै नतिजालाई हेर्दा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यपूर्ति हुने किसिमको शिक्षण नरहेको पाइयो । नि.मा. पाठ्यक्रममा कथा

शिक्षणबाट साहित्यिक रसास्वादनभन्दा भाषिक सीप विकास गर्ने उद्देश्य राखेकोमा शिक्षकहरूले गरेको क्रियाकलाप यसका विपरीत रहेको पाइयो ।

### ४.३.३ पठन

कथा शिक्षण गर्दा विद्यार्थीहरूलाई कुन पठन गराउनु हुन्छ ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कह

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ५

| सरकारी विद्यालयका शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सस्वर.प | मौन.प | दुबै | कुनैपनि नगर्ने | जम्मा | सस्वर.प | मौन.प | दुबै | कुनैपनि नगर्ने | जम्मा |
| ४ | - | ६ | - | १० | ५ | - | ५ | - | १० |
| ४०% | - | ६०% | - | १००% | ५०% | - | ५०% | - | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४० प्रतिशत) ले सस्वरपठन मात्रै र ६ जना (६०%) ले सस्वर र मौन दुवै पठन गराउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ५ जना (५०□) ले सस्वरपठन मात्रै र ५ जना (५० प्रतिशत) ले सस्वर र मौन दुबै पठन गराउने बताए र मौनपठन मात्रै कुनै पनि शिक्षकले नगराउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ६

| सरकारी विद्यालयका शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सस्वर.प | मौन.प | दुबै | कुनैपनि नगर्ने | जम्मा | सस्वर.प | मौन.प | दुबै | कुनैपनि नगर्ने | जम्मा |
| १ | - | ५ | ४ | १० | ५ | - | - | ५ | १० |
| १०% | - | ५०% | ४०% | १००% | ५०% | - | - | ५०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये १ जना (१०%) ले सस्वरपठन मात्रै, ५ जना (५०%) ले दुबै र ४ जना (४०□) ले कुनै पनि पठन नगराएको पाइयो भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ५ जना (५०%) ले सस्वरपठन मात्रै र ५ जना (५०□) ले कुनै पनि पठन नगराएको पाइयो । त्यस्तै मौनपठन मात्रै कुनै पनि शिक्षकले नगराएको पाइयो ।

प्रश्नावलीबाट प्राप्त नतिजालाई हेर्दा पठनसम्बन्धमा सरकारी र निजी विद्यालयका शिक्षकहरूमा कथा शिक्षण गर्दा विद्यार्थीहरूलाई पढ्न लगाउनुपर्ने सैद्धान्तिक ज्ञान रहेको पाइयो । यसरी उक्त नतिजालाई हेर्दा मौनपठन क्रियाकलापसम्बन्धमा सरकारी र निजी दुबै विद्यालयका शिक्षकहरू समान रहेको पाइयो भने सस्वरपठन क्रियाकलापसम्बन्धमा चाहिं सरकारीको तुलनामा निजी विद्यालयका शिक्षकहरूको अवस्था राम्रो पाइयो । त्यस्तै सस्वर र मौन दुबै पठनका सम्बन्धमा चाहिं निजीको तुलनामा सरकारी विद्यालयका शिक्षकहरूको अवस्था राम्रो रहेको पाइयो भने कक्षा अवलोकनबाट प्राप्त नतिजा पनि प्रश्नावलीबाट प्राप्त नतिजासँग समान रहेको पाइयो ।

### ४.३.४ आदर्शवाचन

कथा शिक्षण गर्दा आदर्शवाचन गर्ने गरिएको छ ? भनी सोधिएको प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन्:-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ७

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | - | १० | ६ | ४ | १० |
| १००% | - | १००% | ६०% | ४०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका शत्प्रतिशत शिक्षकहरूले आदर्शवाचन गर्ने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ६ जना (६० प्रतिशत) ले आदर्शवाचन गर्ने बताए र ४ जना (४० प्रतिशत) ले आदर्शवाचन नगर्ने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी विद्यालयका र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ८

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ९ | १ | १० | ८ | २ | १० |
| ९०% | १०% | १००% | ८०% | २०% | १००% |

माथिको तथ्याङ्कअनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९० प्रतिशत) ले आदर्शवाचन गर्ने गरेको र १ जना (१० प्रतिशत)ले आदर्शवाचन नगरेको पाइयो भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) ले आदर्शवाचन गरेको र २  जना (२० प्रतिशत) ले आदर्शवाचन नगरेको पाइयो ।

शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका धेरै शिक्षकहरूले कथा शिक्षण गर्दा आदर्शवाचन गर्ने गरेको पाइयो भने निजी विद्यालयका पनि धेरै शिक्षकहरूले कथा शिक्षण गर्दा आवर्शवाचन गर्ने गरेको पाइयो । यसरी उक्त नतिजालाई हेर्दा प्रश्नावलीमा सरकारी विद्यालयका शतप्रतिशत र निजी विद्यालयका साठी प्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा आदर्शवाचन गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा  सरकारी विद्यालयका नब्बे प्रतिशत र निजी विद्यालयका असी प्रतिशत शिक्षकहरूले आदर्शवाचन गर्ने गरेको पाइयो । त्यस्तै निजी विद्यालयका केही शिक्षकहरूले आदर्शवाचन भनेको के हो ? भनी प्रश्न सोधेकोले उनीहरूले कथा शिक्षण गर्दा आदर्शवाचन गरेपनि शिक्षकहरूले शिक्षण गर्दा गति, यति मिलाई पढ्नुलाई आदर्शवाचन भनिन्छ भनेर उनीहरूलाई थाहा नभएको जानकारी पाइयो ।

### ४.३.५ कथाकथन

कथा शिक्षण गर्दा कथाकथन क्रियाकलाप गर्नुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ९

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ९ | १ | १० | ९ | १ | १० |
| ९०% | १०% | १००% | ९०% | १०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी र निजी विद्यालयका १०/१० जना शिक्षकहरूमध्ये ९/९ जना (९०/९० प्रतिशत) ले कथाकथन क्रियाकलाप गर्ने र १/१ जना (१०/१० प्रतिशत) ले कथाकथन क्रियाकलाप नगर्ने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १०

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| - | १० | १० | - | १० | १० |
| - | १००% | १००% | - | १००% | १००% |

कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका १० जना शिक्षकहरूमा सबै शिक्षकहरूले कथाकथन क्रियाकलाप नगरेको पाइयो भने निजी विद्यालयका शिक्षकहरूको अवस्था पनि त्यही रहेको पाइयो ।

यसरी प्राप्त नतिजालाई हेर्दा प्रश्नावलीमा सरकारी र निजी दुबै विद्यालयका ९० प्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा कथाकथन क्रियाकलाप गर्ने र १० प्रतिशत

शिक्षकहरूले मात्र कथाकथन क्रियाकलाप नगर्ने बताएकोमा कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथाकथन क्रियाकलाप नगरेको पाइयो । यसरी सरकारी र निजी दुबै विद्यालयका शिक्षकहरू कथाकथन क्रियाकलापप्रति लापरवाही रहेको पाइयो ।

### ४.३.६ शब्दार्थ शिक्षण

कथा शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्नुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ११

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्ने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १२

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ९ | १ | १० | ९ | १ | १० |
| ९०% | १०% | १००% | ९०% | १०% | १००% |

कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका ९० प्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा शब्दार्थ शिक्षण गरेको पाइयो भने १० प्रतिशत शिक्षकहरूले मात्र शब्दार्थ शिक्षण नगरेको पाइयो ।

प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्ने बताएकोमा दुबै विद्यालयका ९० प्रतिशतले मात्र शब्दार्थ शिक्षण गरेको र १० प्रतिशत शिक्षकले चाहिं शब्दार्थ शिक्षण नगरेको पाइयो । यसरी प्राप्त नतिजालाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका शिक्षकहरू शब्दार्थ शिक्षणप्रति सचेत रहेको पाइयो । नियमअनुसार शब्दार्थ शिक्षण गर्दा सबैभन्दा पहिले निर्दिष्ट पाठभित्रका कठिन शब्दहरू विद्यार्थीलाई छान्न लगाउने र शिक्षकले ती शब्दहरूलाई कालोपाटीमा टिप्दै जाने र त्यसपछि ती शब्दहरूको अर्थ पनि क्रमश: विद्यार्थीहरूलाई नै सोध्ने र विद्यार्थीहरूबाट नआएमा मात्र शिक्षकले अर्थ बताइदिनुपर्नेमा सत्तरी प्रतिशत शिक्षकहरूले त्यसरी शिक्षण नगरी कथावस्तुको अर्थ बताउने क्रममा कठिन शब्दको अर्थ शिक्षकले विद्यार्थीलाई सोध्ने गरेको र विद्यार्थीबाट शब्दको अर्थ नआएमा शिक्षकले ती शब्दहरूलाई कालोपाटीमा टिपेर अर्थ नबताई सोझै मौखिकरूपमा अर्थ बताउने गरेकोपाइयो भने तीस प्रतिशत शिक्षकहरूले मात्र नियमअनुसार शब्दार्थ शिक्षण गरेको पाइयो ।

### ४.३.७ वाक्यमा प्रयोग

शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउनुहुन्छ कि हुन्न ? भनी सोधिएको प्रश्नमा शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १३

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गर्ने | नगर्ने | जम्मा | गर्ने | नगर्ने | जम्मा |
| ९ | १ | १० | ९ | १ | १० |
| ९०% | १०% | १००% | ९०% | १०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका १०/१० जना शिक्षकहरूमध्ये ९/९ जना (९०/९० प्रतिशत) ले शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउने र १/१ जना (१०/१० प्रतिशत) शिक्षकले मात्र शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न नलगाउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १४

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ५ | ५ | १० | ३ | ७ | १० |
| ५०% | ५०% | १००% | ३०% | ७०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ५ जना (५० प्रतिशत) ले शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाएको पाइयो भने ५ जना (५० प्रतिशत) शिक्षकले चाहिं वाक्यमा प्रयोग गर्न नलगाएको पाइयो । त्यस्तै निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ३ जना (३० प्रतिशत) शिक्षकहरूले मात्र शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाएको र बाँकी ७ जना (७० प्रतिशत) शिक्षकले चाहि वाक्यमा प्रयोग गर्न नलगाएको पाइयो ।

शिक्षक प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका ९० प्रतिशत शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउने र १० प्रतिशत शिक्षकले मात्र शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न नलगाउने बताएकोमा सरकारी विद्यालयका पचास प्रतिशत शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाएको र बाँकी पचास प्रतिशत शिक्षकले वाक्यमा प्रयोग गर्न नलगाएको पाइयो भने निजी विद्यालयका तीस प्रतिशत शिक्षकहरूले मात्र शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाएको र सत्तरी प्रतिशत शिक्षकहरूले चाहिँ वाक्यमा प्रयोग गर्न नलगाएको पाइयो । यसरी हेर्दा सरकारी र निजी दुबै विद्यालयका शिक्षकहरूलाई शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउनुपर्ने सैद्धान्तिक ज्ञान रहेको तर व्यावहारिकरूपमा त्यसलाई उपयोग नगरिएको पाइयो । कक्षा अवलोकनबाट निजी विद्यालयका शिक्षकका तुलनामा सरकारी विद्यालयका शिक्षकको शब्दार्थ शिक्षण केही राम्रो देखियो । शब्दार्थ शिक्षण गर्दा विद्यार्थीहरूलाई अनिवार्यरूपमा वाक्यमा प्रयोग गर्न लगाएमा शब्दको सही अर्थ बुझ्ने र विभिन्न प्रकारका वाक्यहरू पनि बनाउन सक्ने क्षमताको वृद्धि हुन्छ तर यसो नभएकाले समग्रमा हेर्दा शिक्षकहरूको शब्दार्थ शिक्षण कमजोर रहेको पाइयो ।

### ४.३.८ कथावस्तु

कथा शिक्षण गर्दा कथाको कथावस्तु बताइदिनु हुन्छ कि हुन्न ? भन्ने प्रश्नमा सबै शिक्षकहरूले बताउने बताए भने कक्षा अवलोकन गर्दा पनि सबैले गरेको पाइयो तर कुनै पनि कथाको समग्ररूपमा सारसहित कथावस्तु बताउनुपर्नेमा अधिकांश शिक्षकहरूले त्यसो नगरी कथाको प्रत्येक वाक्य पढ्दै त्यसको अर्थ लगाउने गरेको र केही शिक्षकहरूले मात्र प्रत्येक वाक्य पढेर अर्थ नलगाई समग्ररूपमा कथावस्तु बताएको पाइयो । यसबाट धेरैजसो शिक्षकहरूलाई कथाको कथावस्तु बताउने तरिकासम्बन्धी त्यति जानकारी नभएको पाइयो ।

### ४.३.९ बोधप्रश्नोत्तर

कथा शिक्षण गर्दा बोधप्रश्नोत्तर गराउनुहुन्छ कि हुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन्:

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १५

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| १० | - | १० | १० | - | १० |
| १००% | - | १००% | १००% | - | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा बोधप्रश्नोत्तर गराउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १६

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नराउने | जम्मा |
| १० | - | १० | ७ | ३ | १० |
| १0% | - | १००% | ७०% | ३०% | १००% |

कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका शतप्रतिशत शिक्षकहरूले बोधप्रश्नोत्तर गराएको पाइयो भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७० प्रतिशत) शिक्षकहरूले कथा शिक्षण गर्दा बोधप्रश्नोत्तर गराएको र ३ जना (३० प्रतिशत) शिक्षकहरूले बोधप्रश्नोत्तर नगराएको पाइयो ।

प्रश्नावली र कक्षा अवलोकनलाई हेर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा बोधप्रश्नोत्तर गराउने बताएकोमा सरकारी विद्यालयका शतप्रतिशत शिक्षकहरूले बोधप्रश्नोत्तर गराएको पाइयो भने निजी विद्यालयका ७० प्रतिशत शिक्षकहरूले बोधप्रश्नोत्तर गराएको र तीस प्रतिशत शिक्षकहरूले चाहिँ बोधप्रश्नोत्तर नै नगराएको पाइयो । यसरी हेर्दा बोधप्रश्नोत्तर क्रियाकलापसम्बन्धी निजी विद्यालयका शिक्षकहरूभन्दा सरकारी विद्यालयका शिक्षकहरू बढी सचेत रहेको पाइयो । बोधप्रश्नोत्तर गराउँदा शिक्षकले पढाएको पाठलाई विद्यार्थीहरूलाई मौनरूपमा पढ्न लगाई अनि मात्र उनीहरूले बुझे नबुझेको जाँच्नलाई बोधसम्बन्धी प्रश्न सोध्नुपर्नेमा अधिकांश शिक्षकहरूले त्यसो नगरी कथाको कथावस्तु वा अर्थ बताउने क्रममा विद्यार्थीहरूलाई बीचबीचमा बोधसम्बन्धी प्रश्न सोधेको र विद्यार्थीहरूले पाठ पढ्न नपाई शिक्षकले बताएको आधारमा मात्र बोधसम्बन्धी प्रश्नको उत्तर बताउँदा विद्यार्थीहरू उत्तर भन्न नसकी अलमलिएको

पाइयो भने केबल एक-दुई जना शिक्षकले मात्र विद्यार्थीहरूलाई मौनरूपमा पाठ पढ्न लगाई त्यसपछि बोधसम्बन्धी प्रश्न सोधेको पाइयो ।

### ४.३.१० सारांश

कथा शिक्षण गर्दा तलका मध्ये कुन क्रियाकलाप गराउनुहुन्छ ? भनी सोधिएको प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १७

| सरकारी विद्यालयका शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सा.क. | सा.ले | दुबै | कुनै नगर्ने | जम्मा | सा.क. | सा.ले | दुबै | कुनै नगर्ने | जम्मा |
| २ | - | ८ | - | १० | ३ | १ | ६ | - | १० |
| २०% | - | ८०% | - | १००% | ३०% | १०% | ६०% | - | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये २ जना (२० प्रतिशत) शिक्षकहरूले सारांशकथन मात्रै र ८ जना (८० प्रतिशत) शिक्षकहरूले सारांशकथन र लेखन दुबै गराउने तथा सारांशलेखन मात्रै कुनै पनि शिक्षकले नगराउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ३ जना (३० प्रतिशत) शिक्षकले सारांशकथन मात्रै र १ जना (१० प्रतिशत) शिक्षकले सारांशलेखन मात्रै तथा ६ जना (६० प्रतिशत) शिक्षकहरूले चाहिँ सारांशकथन र सारांशलेखन दुबै गराउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १८

| सरकारी विद्यालयका शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सा.क. | सा.ले | दुबै | कुनै नगर्ने | जम्मा | सा.क. | सा.ले | दुबै | कुनै नगर्ने | जम्मा |
| ३ | - | - | ७ | १० | ३ | - | - | ७ | १० |
| ३०% | - | - | ७०% | १००% | ३०% | - | - | ७०% | १००% |

कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ३ जना (३० प्रतिशत) शिक्षकहरूले सारांशकथन मात्र गराएको र ७ जना (७० प्रतिशत) शिक्षकहरूले चाहिँ सारांशकथन र लेखन कुनै पनि नगराएको पाइयो भने निजी विद्यालयका शिक्षकहरूको अवस्था पनि यही रहेको पाइयो ।

प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका २० प्रतिशत शिक्षकले सारांशकथन मात्रै गराउने र ८० प्रतिशत शिक्षकले सारांशकथन र लेखन दुबै क्रियाकलाप गराउने बताएकोमा कक्षा अवलोकन गर्दा तीस प्रतिशत शिक्षकहरूले सारांशकथन मात्रै गराएको र ७० प्रतिशत शिक्षकहरूले चाहिँ कुनै पनि क्रियाकलाप नगराएको पाइयो । त्यस्तै निजी विद्यालयका तीस प्रतिशत शिक्षकहरूले सारांशकथन मात्रै गराउने, १० प्रतिशतले सारांशलेखन मात्रै गराउने र बाँकी साठी प्रतिशतले चाहिं सारांशकथन र लेखन दुबै गराउने बताएकोमा कक्षा अवलोकन गर्दा सारांशकथन मात्रै गराउने ३० प्रतिशत नै पाइयो भने सारांशलेखन मात्रै गराउने शतप्रतिशत नै नभएको पाइयो । त्यस्तै सारांशकथन र लेखन दुबै गराउने साठी प्रतिशतले बताए पनि कक्षा अवलोकन गर्दा उक्त दुबै क्रियाकलापसँगै कुनै शिक्षकले पनि नगराएको पाइयो भने ७० प्रतिशत शिक्षकले त झन् सारांशकथन र लेखन कुनै पनि नगराएको पाइयो । यसरी हेर्दा केही शिक्षकहरूले सारांशकथन गराए तापनि सारांशलेखन भने कुनै पनि शिक्षकहरूले नगराउने पाइयो ।

### ४.३.११ श्रुतिलेखन

कथा शिक्षण गर्दा श्रुतिलेखन गराउनुहुन्छ कि हुन्न ? भनी सोधिएको प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :-

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. १९

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| ७ | ३ | १० | १० | - | १० |
| ७०% | ३०□ | १००% | १००% | - | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७० प्रतिशत) शिक्षकहरूले कथा शिक्षण गर्दा श्रुतिलेखन गराउने र ३ जना (३० प्रतिशत) शिक्षकहरूले श्रुतिलेखन नगराउने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये शतप्रतिशत शिक्षकहरूले नै कथा शिक्षण गर्दा श्रुतिलेखन गराउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २०

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराउने | नगराउने | जम्मा | गराउने | नगराउने | जम्मा |
| - | १० | १० | - | १० | १० |
| - | १००□ | १००% | - | १००% | १००% |

कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका १० जना शिक्षकहरूमध्ये शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा श्रुतिलेखन नगराएको पाइयो भने निजी विद्यालयका शिक्षकहरूको अवस्था पनि यही रहेको पाइयो ।

प्रश्नावलीबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यलायका सत्तरी प्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा श्रुतिलेखन गराउने र तीस प्रतिशत शिक्षकहरूले श्रुतिलेखन नगराउने बताएकोमा कक्षा अवलोकन गर्दा शतप्रतिशत शिक्षकहरूले नै श्रुतिलेखन नगराएको पाइयो भने निजी विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा श्रुतिलेखन गराउने बताएकोमा कक्षा अवलोकन गर्दा शतप्रतिशत शिक्षकहरूले नै श्रुतिलेखन नगराएको पाइयो । प्रश्नावलीबाट प्राप्त नतिजालाई हेर्दा श्रुतिलेखनसम्बन्धमा सरकारी विद्यालयका शिक्षकका तुलनामा निजी विद्यालयका शिक्षकको शिक्षण केही राम्रो हुने देखिए तापनि कक्षा अवलोकनलाई हेर्दा सबै शिक्षकहरूको शिक्षण कमजोर रहेको पाइयो । श्रुतिलेखन गराएमा शिक्षकले भनेका कुरालाई विद्यार्थीले ध्यानपूर्वक सुनेर लेख्नुपर्ने भएकाले विद्यार्थीहरूको सुनाइ र लेखाइ दुबै सीपको विकास हुने हुँदा कथा शिक्षण गर्दा यस क्रियाकलापलाई अनिवार्य रूपमा गराउनुपर्नेमा नगराइएको पाइयो ।

### ४.३.१२ घटनाक्रम

कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन लगाउनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन:

### प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू
### सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना
### तालिका नं. २१

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| ९ | १ | १० | १० | - | १० |
| ९०% | १०% | १००% | १००% | - | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९० प्रतिशत) शिक्षकहरूले कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन लगाउने बताए भने १ जना (१० प्रतिशत) शिक्षकले घटनाक्रम मिलाउन नलगाउने बताए । त्यस्तै निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये शतप्रतिशत शिक्षकहरूले नै कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन लगाउने बताए ।

### कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू
### सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना
### तालिका नं. २२

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| लगाउने | नलगाउने | जम्मा | लगाउने | नलगाउने | जम्मा |
| - | १० | १० | - | १० | १० |
| - | १००% | १००% | - | १००% | १००% |

कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन नलगाएको पाइयो ।

प्रश्नावलीबाट प्राप्त नतिजालाई हेर्दा सरकारी र निजी विद्यालयका शिक्षकहरूमा कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन लगाउनेसन्दर्भमा समान नरहेको पाइयो । यसरी हेर्दा सरकारी विद्यालयका नब्बे प्रतिशत शिक्षकहरूले कथा शिक्षण

गर्दा घटनाक्रम मिलाउन लगाउने र १० प्रतिशत शिक्षकले घटनाक्रम मिलाउन नलगाउने बताएको पाइयो भने निजी विद्यालयका शतप्रतिशत शिक्षकहरूले नै कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन लगाउने बताएको पाइयो । यसअनुसार सरकारी विद्यालयका शिक्षकको तुलनामा निजी विद्यालयका शिक्षकको घटनाक्रम मिलाउने क्रियाकलापसन्दर्भमा राम्रो शिक्षण रहेको पाइयो भने कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन नलगाएको पाइयो । कथा शिक्षणमा घटनाक्रम मिलाउन लगाउने क्रियाकलाप गर्दा सम्बन्धित कथाका मुख्य घटनाहरूलाई अगाडिको पछाडि र पछाडिको अगाडि भनेर छासमिस पारी विद्यार्थीहरूलाई ती घटनाहरू क्रमानुसार भन्न वा लेख्न लगाउने गर्नुपर्छ । यस्तो गरेमा विद्यार्थीहरूको पढाइ तथा कथा लेखन जस्तो सृजनात्मक क्षमताको विकास हुन्छ । तर सरकारी र निजी दुबै विद्यालयका शिक्षकहरूले यस्तो क्रियाकलाप नगरेको पाइयो ।

### ४.३.१३ शिक्षण सामग्री

कथा शिक्षण गर्दा कस्ता शिक्षण सामग्री प्रयोग गर्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २३

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पा.का. | पा.का.अन्य सहायक सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | पा.का. | पा.का.अन्य सहायक सामग्री | जम्मा |
| - | ४ | ६ | १० | - | ८ | २ | १० |
| - | ४०% | ६०% | १००% | - | ८०% | २०% | १००% |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ४ जना (४० प्रतिशत) शिक्षकले पाठ्यपुस्तक र कालोपाटीको प्रयोग

गर्ने बताए भने ६ जना (६० प्रतिशत) शिक्षकले पाठ्यपुस्तक, कालोपाटी लगायत अन्य सहायक सामग्रीको पनि प्रयोग गर्ने बताए । त्यस्तै निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) शिक्षकले पाठ्यपुस्तक र कालोपाटीको प्रयोग गर्ने बताए भने २ जना (२० प्रतिशत) शिक्षकले पाठ्यपुस्तक, कालोपाटी लगायत अन्य सहायक सामग्रीको पनि प्रयोग गर्ने बताए । सरकारी र निजी दुबै विद्यालयका शिक्षकहरूले पाठ्यपुस्तक मात्रलाई शिक्षण सामग्रीकोरूपमा प्रयोग नगर्ने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २४

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| पाठ्यपुस्तक मात्र | पा.का. | पा.का.अन्य सहायक सामग्री | जम्मा | पाठ्यपुस्तक मात्र | प.का. | पा.का.अन्य सहायक सामग्री | जम्मा |
| - | १० | - | १० | २ | ८ | - | १० |
| - | १००% | - | १००% | २०% | ८०% | - | १००% |

कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये शतप्रतिशत शिक्षकहरूले पाठ्यपुस्तक र कालोपाटीलाई शैक्षिक सामग्रीकोरूपमा प्रयोग गरेको पाइयो भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये २ जना (२० प्रतिशत) शिक्षकले पाठ्यपुस्तक मात्रलाई र ८ जना (८० प्रतिशत) शिक्षकले पाठ्यपुस्तक र कालोपाटीलाई शैक्षिक सामगीकोरूपमा प्रयोग गरेको पाइयो भने सरकारी विद्यालयका शिक्षकले पाठ्यपुस्तक मात्रलाई र दुबै विद्यालयका शिक्षकहरूले अन्य सहायक सामग्रीलाई प्रयोग नगरेको पाइयो ।

प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका ४० प्रतिशत शिक्षकले पाठ्यपुस्तक र कालोपाटी तथा ६० प्रतिशत शिक्षकले

पाठ्यपुस्तक, कालोपापटी र अन्य सहायक सामग्री शिक्षण सामग्रीकोरूपमा प्रयोग गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा शतप्रतिशत शिक्षकहरूले नै पाठ्यपुस्तक र कालोपाटीलाई शैक्षिक सामग्रीकोरूपमा प्रयोग गरिएको पाइयो भने अन्य सहायक सामग्रीलाई कुनै पनि शिक्षकले प्रयोग नगरेको पाइयो । त्यस्तै निजी विद्यालयका ८० प्रतिशत शिक्षकले पाठ्यपुस्तक र कालोपाटी तथा २० प्रतिशत शिक्षकले पाठ्यपुस्तक, कालोपाटीलगायत अन्य सहायक सामग्री शिक्षण सामग्रीकोरूपमा प्रयोग गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा ८० प्रतिशत शिक्षकले पाठ्यपुस्तक र कालोपाटी नै प्रयोग गरेको पाइयो भने कुनै पनि शिक्षकले अन्य सहायक सामग्रीको प्रयोग नगरेको पाइयो भने प्रश्नावलीमा कुनै पनि शिक्षकले पाठ्यपुस्तक मात्रलाई शिक्षण सामग्रीकोरूपमा प्रयोग नगर्ने बताएकोमा कक्षा अवलोकन गर्दा २० प्रतिशत शिक्षकले पाठ्यपुस्तक मात्रलाई शिक्षण सामग्रीकोरूपमा प्रयोग गरेको पाइयो । यसरी प्रश्नावली र कक्षा अवलोकनबाट निजी विद्यालयका शिक्षकका तुलनामा सरकारी विद्यालयका शिक्षकको शिक्षण केही राम्रो देखियो ।

### ४.३.१४ विद्यार्थी मूल्याङ्कन

दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप अपनाउनु हुन्छ ? भन्ने प्रश्नमा प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २५

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| मौखिक | लिखित | दुबै | जम्मा | मौखिक | लिखित | दुबै | जम्मा |
| ३ | - | ७ | १० | १ | १ | ८ | १० |
| ३०% | - | ७०□ | १००% | १०% | १०% | ८०% | १००% |

माथिको तालिकाअनुसार सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ३ जना (३० प्रतिशत) शिक्षकले मौखिक मात्र र ७ जना (७० प्रतिशत) शिक्षकले मौखिक र लिखित दुबै क्रियाकलाप गराउने बताए भने लिखित साधनलाई कुनै पनि शिक्षकले नअपनाउने बताए । त्यस्तै निजी विद्यालयका पनि जम्मा १० जना शिक्षकहरूमध्ये १ जना (१० प्रतिशत) शिक्षकले मौखिक मात्र, १ जना (१० प्रतिशत) शिक्षकले लिखित मात्र र ८ जना (८० प्रतिशत) शिक्षकले मौखिक र लिखित दुबै क्रियाकलाप गराउने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २६

| सरकारी विद्यालयका शिक्षक | | | | | निजी विद्यालयका शिक्षक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| मौखिक | लिखित | दुबै | कुनै पनि नगर्ने | जम्मा | मौखिक | लिखित | दुबै | कुनै पनि नगर्ने | जम्मा |
| ७ | - | - | ३ | १० | ७ | - | - | ३ | १० |
| ७०% | - | - | ३०% | १००% | ७०% | - | - | ३०% | १००% |

कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ७ जना (७० प्रतिशत) शिक्षकले मौखिकरूपमा मात्र मूल्याङ्कन गरेको पाइयो भने ३ जना (३० प्रतिशत) शिक्षकले कुनै पनि रूपमा मूल्याङ्कन नगरेको पाइयो । त्यस्तै निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये पनि ७ जना (७० प्रतिशत) शिक्षकले मौखिकरूपमा मात्र मूल्याङ्कन गरेको र ३ जना (३० प्रतिशत) शिक्षकले कुनै पनि रूपमा मूल्याङ्कन नगरेको पाइयो । त्यस्तै निजी र सरकारी दुबै विद्यालयका कुनै पनि शिक्षकले लिखित मात्र र लिखित र मौखिक दुबै क्रियाकलाप एकै पटकमा नगरेको पाइयो ।

प्रश्नावलीबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका ३० प्रतिशत शिक्षकले मौखिकरूपमा मात्र विद्यार्थी मूल्याङ्कन गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा ७० प्रतिशत शिक्षकले मौखिकरूपमा मात्र विद्यार्थी मूल्याङ्कन गरेको पाइयो र ७० प्रतिशत शिक्षकले  मौखिक र लिखित दुबैरूपमा विद्यार्थी मूल्याङ्कन गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा कुनै पनि शिक्षकले मौखिक र लिखित दुबैरूपमा विद्यार्थी मूल्याङ्कन नगरेको पाइयो भने ३० प्रतिशत शिक्षकले कुनै पनि मूल्याङ्कन नगरेको पाइयो र लिखितरूपमा मात्र विद्यार्थी मूल्याङ्कन गर्ने कुनै पनि शिक्षक नरहेको पाइयो । त्यस्तै निजी विद्यालयका १० प्रतिशत शिक्षकले मौखकरूपमा मात्र, १० प्रतिशत शिक्षकले लिखितरूपमा मात्र र ८० प्रतिशत शिक्षकले मौखिक र लिखित दुबैरूपमा विद्यार्थी मूल्याङ्कन गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा ७० प्रतिशत शिक्षकले मौखिकरूपमा मात्र विद्यार्थी मूल्याङ्कन गरेको पाइयो भने कुनै पनि शिक्षकले लिखितरूपमा मात्र र लिखित र मौखिक दुबैरूपमा विद्यार्थी मूल्याङ्कन नगरेको पाइयो भने ३० प्रतिशत शिक्षकले कुनै पनि मूल्याङ्कन नगरेको पाइयो । विद्यार्थी मूल्याङ्कनसम्बन्धमा प्रश्नावलीअनुसार सरकारी र निजी विद्यालयका शिक्षक बीच समानता नरहेको पाइयो । यसअनुसार सरकारी विद्यालयका शिक्षकभन्दा निजी विद्यालयका शिक्षक विद्यार्थी मूल्याङ्कनमा केही राम्रो देखिए तापनि कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका शिक्षकबीच समानता रहेको पाइयो । शिक्षकहरूले पढाएको विद्यार्थीहरूले के-कति बुझे भनेर थाहा पाउने आधार नै विद्यार्थी मूल्याङ्कन हो । यदि शिक्षकले विद्यार्थी मूल्याङ्कन नै नगरेमा कुन विद्यार्थी कुन पक्षमा कमजोर छ र त्यसको समाधानका लागि के-कस्तो तरिकाले शिक्षण गर्ने भन्ने कुराको जानकारी नुहने हुँदा विद्यार्थीको मूल्याङ्कन अनिवार्य रूपमा गरिनु आवश्यक छ । अधिकांश शिक्षकहरूले मौखिकरूपमा मात्र विद्यार्थी मूल्याङ्कन गर्ने भएकाले समय-समयमा लिखितरूपमा पनि विद्यार्थी मूल्याङ्कन गर्नु आवश्यक हुन्छ । यसले गर्दा विद्यार्थीको बोलाइ सीपको विकासका साथसाथै लेखाइ सीपको पनि विकास हुन्छ ।

### ४.३.१५ गृहकार्य

दैनिक गृहकार्य दिनुहुन्छ कि हुन्न ? भन्ने प्रश्नमा प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं २७

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | नदिने | कहिलेकाहिँ दिने | जम्मा | दिने | नदिने | कहिलेकाहिँ दिने | जम्मा |
| ८ | - | २ | १० | ९ | - | १ | १० |
| ८०□ | - | २०□ | १००□ | ९०□ | - | १०□ | १००□ |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) शिक्षकहरूले दैनिक रूपमा गृहकार्य दिने र २ जना (२० प्रतिशत) शिक्षकहरूले दैनिक रूपमा गृहकार्य नदिएर कहिलेकाहीँ मात्र दिने बताए भने निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९० प्रतिशत) शिक्षकहरूले दैनिक रूपमा गृहकार्य दिने र १ जना (१० प्रतिशत) शिक्षकले दैनिक रूपमा गृहकार्य नदिएर कहिलेकाहीँ मात्र दिने बताए ।

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २८

| सरकारी विद्यालयका शिक्षक | | | | निजी विद्यालयका शिक्षक | | | |
|---|---|---|---|---|---|---|---|
| दिने | नदिने | कहिलेकाहिँ दिने | जम्मा | दिने | नदिने | कहिलेकाहिँ दिने | जम्मा |
| ८ | २ | - | १० | ८ | २ | - | १० |
| ८०□ | २०% | - | १००□ | ८०□ | २०□ | - | १००□ |

माथिको तथ्याङ्कलाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) शिक्षकले कक्षा अवलोकन गर्दा गृहकार्य दिएको पाइयो भने २ जना (२० प्रतिशत) शिक्षकले गृहकार्य नदिएको पाइयो । त्यस्तै निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये पनि ८ जना (८० प्रतिशत) शिक्षकले गृहकार्य दिएको र २ जना (२० प्रतिशत) शिक्षकले गृहकार्य नै नदिएको पाइयो ।

प्रश्नावलीबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका ८० प्रतिशत शिक्षकले दैनिक गृहकार्य दिने र २० प्रतिशत शिक्षकले कहिलेकाहीँ मात्र गृहकार्य दिने बताएकोमा कक्षा अवलोकन गर्दा सोहीअनुसार नै भएको पाइयो भने निजी विद्यालयका ९० प्रतिशत शिक्षकले दैनिक गृहकार्य दिने र १० प्रतिशत शिक्षकले कहिलेकाहीँ मात्र गृहकार्य दिने बताएकोमा कक्षा अवलोकन गर्दा ८० प्रतिशतले गृहकार्य दिएको र २० प्रतिशत शिक्षकले गृहकार्य नदिएको पाइयो । प्रश्नावलीअनुसार सरकारी विद्यालयका शिक्षकभन्दा निजी विद्यालयका शिक्षक गृहकार्य सम्वन्धमा बढी सचेत देखिए तापनि कक्षा अवलोकन गर्दा दुबै समान रहेको पाइयो ।

### ४.३.१६ विद्यार्थी सहभागिता

कथा शिक्षण गर्दा विद्यार्थी सहभागिता भए नभएको बारेमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. २९

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गराएको | नगराएको | जम्मा | गराएको | न्गाराएको | जम्मा |
| ९ | १ | १० | ८ | २ | १० |
| ९०% | १०□ | १००% | ८० | २०% | १००% |

कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ९ जना (९० प्रतिशत) शिक्षकहरूले विद्यार्थी सहभागिता गराएको पाइयो भने १ जना (१० प्रतिशत) शिक्षकले विद्यार्थी सहभागिता नगराएको पाइयो । त्यस्तै निजी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये ८ जना (८० प्रतिशत) शिक्षकले विद्यार्थी सहभागिता गराएको र २ जना (२० प्रतिशत) शिक्षकले विद्यार्थी सहभागिता नगराएको पाइयो । यसरी हेर्दा निजी विद्यालयका शिक्षकका तुलनामा सरकारी विद्यालयका शिक्षकले बढी विद्यार्थी सहभागिता गराएको पाइयो ।

### ४.३.१७ विशिष्ट पंक्तिको व्याख्या

कथा शिक्षण गर्दा विशिष्ट पंक्तिको व्याख्या गरे नगरेको बारेमा कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

कक्षा अवलोकनबाट प्राप्त तथ्याङ्कहरू

सरकारी र निजी विद्यालयका शिक्षकबीचको तुलना

तालिका नं. ३०

| सरकारी विद्यालयका शिक्षक | | | निजी विद्यालयका शिक्षक | | |
|---|---|---|---|---|---|
| गरेको | नगरेको | जम्मा | गरेको | न्गरेको | जम्मा |
| - | १० | १० | - | १० | १० |
| - | १००□ | १००% | - | १००% | १००% |

कक्षा अवलोकनबाट प्राप्त नतिजालाई हेर्दा सरकारी विद्यालयका जम्मा १० जना शिक्षकहरूमध्ये शतप्रतिशत शिक्षकहरूले नै कथा शिक्षण गर्दा विशिष्ट पंक्तिहरूको व्याख्या नगरिएको पाइयो भने निजी विद्यालयका शिक्षकहरूको अवस्था पनि यही रहेको पाइयो ।

### ४.३.१८ कथा शिक्षणसम्बन्धी शिक्षकहरूको अवधारणा

तपाईका विचारमा कथा शिक्षण कसरी गराउन उपयुक्त हुन्छ भन्ने ठान्नुहुन्छ ? भनी सोधिएको प्रश्नमा प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरू यसप्रकार रहेका छन् :

सरकारी र निजी दुबै विद्यालयका जम्मा २० जना शिक्षकहरूलाई कथा शिक्षण गर्दा अपनाइने तरिकाहरू एक-आपसमा मिल्दा-जुल्दा आधारमा विभिन्न समूहमा विभाजन गरियो । यसरी समूह विभाजन गर्दा २ जना, ३ जना, ७ जना र ८ जना भाषा शिक्षकहरूको विचार एक आपसमा मिलेको पाइयो । यसरी विचार मिल्ने २ जना भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा सर्वप्रथम विद्यार्थीहरूलाई कुनै कथा सुनाउने र सम्बन्धित कथाको सारांश बताउने र शीर्षकको पुष्टि गर्ने । त्यसपछि शिक्षकले आदर्शवाचन गर्ने र विद्यार्थीहरूलाई पनि सस्वरवाचन गर्न लगाउने । विद्यार्थीलाई कठिन लागेका शब्द छान्न लगाई कालोपाटीमा टिप्दै जाने र तिनको अर्थ विद्यार्थीलाई भन्न लगाउने । विद्यार्थीबाट जवाफ नआएमा शिक्षकले शब्दपत्तीद्वारा प्रष्ट पार्ने । त्यस्तै शब्दलाई वाक्यमा प्रयोग गर्न लगाउने र नआएमा वाक्यपत्तीद्वारा प्रष्ट पार्ने । त्यसपछि विद्यार्थीलाई निश्चित समय दिई सम्बन्धित पाठ मौनवाचन गर्न लगाउने र प्रश्न सोध्ने । अन्तिममा विद्यार्थीहरूलाई सारांश भन्न र लेख्न लगाउने, ३ जना भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा अर्को त्यस्तै प्रकारको विषयवस्तुसँग मेल खाने कुनै कथा भनेर शिक्षण गर्ने, ७ जना शिक्षकहरूले कथा शिक्षण गर्दा सर्वप्रथम शिक्षकले आदर्शवाचन गर्ने र त्यसपछि विद्यार्थीलाई सामूहिक वा व्यक्तिगतरूपमा सस्वरवाचन गर्न लगाउने । त्यसपछि विद्यार्थीलाई कथा सुनाउने र बीचबीचमा प्रश्न सोध्ने र ८ जना शिक्षकहरूले कथा शिक्षण गर्दा सर्वप्रथम शिक्षकले सम्बन्धित पाठको सारांश बताइदिने र त्यसपछि पाठ पढ्दै अर्थ लगाउने र कठिन शब्दको अर्थ पनि बताइदिने तथा विद्यार्थीहरूलाई पनि बीचबीचमा सोध्ने र अन्तिममा कथाको सारांश विद्यार्थीलाई भन्न लगाउने बताए ।

माथि उल्लेखित कथा शिक्षणसम्बन्धी शिक्षकहरूको अवधारणालाई नियाल्दा कथा शिक्षणको सिद्धान्त र क्रियाकलापअनुरूप पूर्णरूपमा २ जना शिक्षकहरूको अवधारणा मिलेको पाइयो । ती शिक्षकहरूले कथा शिक्षण गर्दा सर्वप्रथम कुनै कथा भन्ने र सम्बन्धित पाठको सारांश बताउने । त्यसपछि शिक्षकले आदर्शवाचन गर्ने र विद्यार्थीहरूलाई पनि सस्वरवाचन गर्न लगाउने । विद्यार्थीहरूलाई कठिन शब्द छान्न लगाई कालोपाटीमा टिप्ने र विद्यार्थीलाई उक्त शब्दको अर्थ भन्न लगाउने । विद्यार्थीबाट जवाफ नआएमा शब्दपत्ती र वाक्यपत्तीद्वारा प्रष्ट पार्ने । विद्यार्थीलाई निश्चित समयमा मौनरूपमा पाठ पढ्न लगाई प्रश्न सोध्ने र सारांश बताउन लगाउने र अन्त्यमा विद्यार्थीले बुझे-नबुझेको थाहा पाउनका लागि विभिन्न किसिमका प्रश्न सोध्ने बताएको पाइयो । त्यस्तै कथा शिक्षणको सिद्धान्त र क्रियाकलापसँग केही मात्रामा ७ जना शिक्षकहरूको अवधारणा मिलेको पाइयो । उक्त शिक्षकहरूले कथा शिक्षण गर्दा सर्वप्रथम शिक्षकले आदर्शवाचन गर्ने र विद्यार्थीहरूलाई पनि व्यक्तिगत वा सामूहिकरूपमा सस्वरवाचन गर्न लगाउने । विद्यार्थीलाई सम्बन्धित कथा सुनाउने र बीचबीचमा प्रश्न गर्न बताएको पाइयो । त्यस्तै ८ जना शिक्षकहरूले कथा शिक्षण गर्दा सर्वप्रथम सम्बन्धित कथाको सारांश बताउने र त्यसपछि पाठ पढ्दै अर्थ लगाउने तथा बीचबीचमा कठिन शब्दको अर्थ विद्यार्थीलाई सोध्ने र अन्त्यमा विद्यार्थीलाई पाठको सारांश भन्न लगाउने बताएको पाइयो र ३ जना शिक्षकहरूले स्पष्टरूपमा कथा शिक्षण गर्दा अपनाउने तरिका बताएको पाइएन । ती शिक्षकहरूले केबल सम्बन्धित विषयवस्तुसँग मेल खाने कुनै कथा भनेर शिक्षण गर्ने बताएको पाइयो ।

## ४.४ अन्य

शोधकार्यको उद्देश्य प्राप्तिका लागि सहायकरूपमा सहयोग पुऱ्याउने शिक्षकको व्यक्तित्व, शिक्षण क्रियाकलापको सुरुवात, पाठको प्रस्तुतीकरण र भाषिक सीप जस्ता पक्षहरूको कक्षा अवलोकन गर्दा प्राप्त तथ्याङ्कहरूको नतिजा यसप्रकार रह्यो:

(क) कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका ९० प्रतिशत र निजी तथा आवासीय विद्यालयका ८० प्रतिशत शिक्षकको व्यक्तित्व राम्रो रहेको पाइयो । शिक्षकको व्यक्तित्वअन्तर्गत मिलनसारिता, आकर्षक, सफासुग्घर, आत्मविश्वास, बोली स्पष्टता र भाषिक शुद्धता आदि पक्षमा अवलोकन गरिएको थियो ।

(ख) हँसिलो चेहरा भएको, पूर्वपाठको पूणर्स्मरण गराएको, पाठको उद्देश्य बताएको, पाठप्रति रुचि जागरण गरिएको, पूर्ण पाठमा आधारित रहेको र पाठको शीर्षकको अर्थ लगाउँदै कक्षाको शुरुवात आदि पक्षमा कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका ९० प्रतिशत र निजी तथा आवासीय विद्यालयका पनि ९० प्रतिशत शिक्षक रहेको पाइयो ।

(ग) विषयवस्तुको ज्ञान, पाठको क्रमवद्धता र उदाहरणको उपयुक्तता आदि पक्षमा कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका ८० प्रतिशत र निजी तथा आवासीय विद्यालयका ७० प्रतिशत शिक्षक रहेको पाइयो ।

(घ) कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका १० प्रतिशत शिक्षकले सुनाइ मात्र, ४० प्रतिशत शिक्षकले सुनाइ र बोलाइ मात्र, ४० प्रतिशत शिक्षकले सुनाइ, बोलाइ र पढाइ मात्र तथा १० प्रतिशत शिक्षकले भाषाका चारै सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई जोड दिएर अध्ययन गरेको पाइयो भने निजी विद्यालयका २० प्रतिशत शिक्षकले सुनाइ मात्र र बाँकी ८० प्रतिशत शिक्षकले चाहिँ सुनाइ र बोलाइ मात्रलाई जोड दिएर अध्ययन गरेको पाइयो । त्यस्तै निजी विद्यालयका कुनै पनि भाषा शिक्षकले पढाइ र लेखाइ जस्ता भाषिक सीपको क्रियाकलाप गराएको पाइएन ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

(१) सरकारी विद्यालयका ८० प्रतिशत शिक्षकहरूले र निजी विद्यालयका ९० प्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा पाठयोजना बनाएर शिक्षण गर्ने बताए । यसरी हेर्दा सरकारी विद्यालयका भाषा शिक्षकको तुलनामा निजी विद्यालयका भाषा शिक्षकहरू पाठयोजनाप्रति बढी सचेत रहेको पाइयो तर कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले नै पाठयोजना नबनाएको पाइयो । यसरी अधिकांश शिक्षकहरू पाठयोजनाप्रति सचेत रहे तापनि व्यावहारिकरूपमा शिक्षकहरूले पाठयोजनाप्रति लापरवाही गरेको पाइयो ।

(२) कथा शिक्षणमा साहित्यिक रसास्वादन गौण र भाषिक सीप विकास प्रमुख उद्देश्य रहनेमा शिक्षक प्रश्नावलीबाट प्राप्त तथ्याङ्कहरूमा सरकारी विद्यालयका तुलनामा निजी विद्यालयका शिक्षकहरू स्पष्ट रहेको पाइयो तर कक्षा अवलोकन गर्दा त्यसको विपरीत निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका शिक्षकहरू भाषिक सीप विकासतर्फ बढी सचेत रहेको पाइयो । अधिकांश शिक्षकहरूले भाषिक सीप विकासलाईभन्दा पनि साहित्यिक रसास्वादनलाई नै जोड दिएर अध्ययन गरेको पाइयो । यसरी शिक्षकहरूले पाठ्यक्रमले राखेका उद्देश्यहरू पूर्ति गर्नतर्फ कमै सचेत रहेको पाइयो ।

(३) सरकारी विद्यालयका ४० प्रतिशत शिक्षकले सस्वरपठन मात्रै र ६० प्रतिशत शिक्षकले सस्वर र मौन दुबै पठन गराउने बताए भने निजी विद्यालयका ५० प्रतिशत शिक्षकले सस्वरपठन मात्रै र ५० प्रतिशत शिक्षकले सस्वर र मौन दुबै पठन गराउने बताए र मौनपठन मात्रै सरकारी र निजी दुबै विद्यालयका कुनै पनि भाषा शिक्षकले नगराउने बताए तर कक्षा अवलोकन गर्दा सरकारी

विद्यालयका १० प्रतिशतले सस्वरपठन मात्रै, ५० प्रतिशत शिक्षकले सस्वर र मौन दुबै पठन र ४० प्रतिशत शिक्षकले कुनै पनि पठन नगराएको पाइयो भने निजी विद्यालयका ५० प्रतिशतले सस्वरपठन मात्रै गराएको र ५० प्रतिशतले चाहिँ कुनै पनि पठन नगराएको पाइयो । यसबाट निजी विद्यालयका तुलनामा सरकारी विद्यालयका भाषा शिक्षकहरू राम्रो रहेको पाइयो ।

(४) सरकारी विद्यालयका शतप्रतिशत र निजी विद्यालयका ६० प्रतिशत शिक्षकहरूले आदर्शवाचन गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका ९० प्रतिशत र निजी विद्यालयका ८० प्रतिशत शिक्षकहरूले आदर्शवाचन गरेको पाइयो । आदर्शवाचन क्रियाकलाप सन्तोषजनक रहेको पाइयो ।

(५) सरकारी र निजी दुबै विद्यालयका ९० प्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा कथाकथन क्रियाकलाप गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा दुबै विद्यालयका कुनै पनि शिक्षकहरूले कथाकथन क्रियाकलाप नगरेको पाइयो । विद्यार्थीहरूलाई पाठप्रति रुचि जगाउनको लागि पढाउने पाठसँग सम्बन्धित रोचकपूर्ण कथाहरू शिक्षकले पहिले कक्षामा प्रस्तुत गर्नुपर्छ, जसले गर्दा विद्यार्थीको ध्यान केन्द्रित गर्न सकोस् । समग्रमाभन्दा दुबै विद्यालयका शिक्षकहरू कथाकथन क्रियाकलापमा कमजोर रहेको पाइयो ।

(६) सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्ने बताए पनि कक्षा अवलोकन गर्दा दुबै विद्यालयका ९० प्रतिशत शिक्षकले शब्दार्थ शिक्षण गरेको पाइयो । कक्षा अवलोकन गर्दा अधिकांश शिक्षकहरूले विद्यार्थीहरूलाई कठिन शब्द छान्न लगाएर कालोपाटीमा टिपेर नियमअनुसार शिक्षण नगरी कथाको व्याख्या (कथावस्तु बताउने क्रममा) गर्ने क्रममा कठिन शब्दको अर्थ विद्यार्थीहरूलाई सोधी अन्त्यमा त्यसको अर्थ शिक्षकले बताइदिएको पाइयो ।

(७) सरकारी र निजी दुबै विद्यालयका ९० प्रतिशत शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउने बताए पनि कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका ५० प्रतिशत र निजी विद्यालयका ३० प्रतिशत शिक्षकहरूले मात्र शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाएको पाइयो भने बाँकी शिक्षकहरूले वाक्यमा प्रयोग गर्न लगाएको पाइएन ।

(८) सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथावस्तु बताउने बताएको र कक्षा अवलोकन गर्दा पनि गरेको पाइयो । यसर्थ शिक्षकहरू यस क्रियाकलापमा राम्रो रहेको पाइयो ।

(९) सरकारी र निजी दुवै विद्यालयका शतप्रतिशत शिक्षकहरूले कथा शिक्षण गर्दा बोधप्रश्नोत्तर गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका शतप्रतिशत र निजी विद्यालयका ७० प्रतिशत शिक्षकले मात्र बोधप्रश्नोत्तर गरेको पाइयो । बोधप्रश्नोत्तर क्रियाकलापमा सरकारीका तुलनामा निजी विद्यालयका शिक्षकहरू लापरवाही रहेको पाइयो ।

(१०) सरकारी विद्यालयका २० प्रतिशत शिक्षकले सारांशकथन मात्रै र ८० प्रतिशत शिक्षकले सारांशकथन र लेखन दुवै गराउने बताए भने निजी विद्यालयका ३० प्रतिशत शिक्षकले सारांशकथन मात्रै, १० प्रतिशत शिक्षकले सारांशलेखन मात्रै र बाँकी ६० प्रतिशत शिक्षकले चाहिं सारांशकथन र लेखन दुवै क्रियाकलाप गराउने बताएकोमा कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका ३० प्रतिशत शिक्षकले सारांशकथन मात्रै गराएको र बाँकी अन्य शिक्षकले कुनै पनि क्रियाकलाप नगराएको पाइयो । यसरी शिक्षकहरूमा सारांशकथन र लेखनसम्वन्धी केही मात्रामा सैद्धान्तिक ज्ञान रहेको भए तापनि व्यवहारिकरूपमा त्यसलाई उपयोग नगरेको पाइयो ।

(११) सरकारी विद्यालयका ७० प्रतिशत शिक्षकले कथा शिक्षण गर्दा श्रुतिलेखन गराउने बताए भने निजी विद्यालयका शतप्रतिशत शिक्षकले नै श्रुतिलेखन

गराउने बताए तर कक्षा अवलोकन गर्दा सरकारी र निजी दुवै विद्यालयका शतप्रतिशत शिक्षकले नै श्रुतिलेखन गराएको पाइएन ।

(१२) सरकारी विद्यालयका ९० प्रतिशत शिक्षकले कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन लगाउने र निजी विद्यालयका शतप्रतिशत शिक्षकले नै घटकनाक्रम मिलाउन लगाउने बताएकोमा कक्षा अवलोकन गर्दा सरकारी र निजी दुबै विद्यालयका शतप्रतिशत शिक्षकले घटनाक्रम मिलाउन लगाएको पाइएन ।

(१३) सरकारी विद्यालयका ४० प्रतिशत शिक्षकहरूले कालोपाटी र पाठ्यपुस्तक र ६० प्रतिशत शिक्षकहरूले यसका साथै अन्य सहायक सामग्रीको समेत उपयोग गर्ने र निजी विद्यालयका ८० प्रतिशत शिक्षकहरूले पाठ्यपुस्तक र कालोपाटी तथा २० प्रतिशत शिक्षकहरूले यसका साथै अन्य सहायक सामग्री पनि उपयोग गर्ने बताएकोमा कक्षा अवलोकन गर्दा सरकारी विद्यालयका शतप्रतिशत शिक्षकले नै पाठ्यपुस्तक र कालोपाटी तथा निजी विद्यालयकाय ८० प्रतिशत शिक्षकले पाठ्यपुस्तक र कालोपाटी तथा २० प्रतिशत शिक्षकले पाठ्यपुस्तक मात्रै उपयोग गरेको पाइयो । सरकारी र निजी दुवै विद्यालयका शिक्षकहरूले यी सामग्रीका साथै अन्य सहायक सामग्रीको पनि उपयोग गर्ने बताए पनि व्यवहारिकरूपमा त्यसलाई उपयोग गरेको पाइएन ।

(१४) सरकारी विद्यालयका ३० प्रतिशत शिक्षकहरूले मौखिकरूपमा मात्र र बाँकी ७० प्रतिशत शिक्षकले मौखिक र लिखित दुवैरूपमा दैनिक विद्यार्थी मूल्याङ्कन गर्ने बताए भने निजी विद्यालयका १० प्रतिशत शिक्षकले मौखिक मात्र, १० प्रतिशत शिक्षकले लिखित मात्र र बाँकी ८० प्रतिशत शिक्षकले चाहिँ मौखिक र लिखित दुवैरूपमा विद्यार्थी मूल्याङ्कन गर्ने बताए तर कक्षा अवलोकन गर्दा सरकारी र निजी दुवै विद्यालयका ७० प्रतिशत शिक्षकले मौखिकरूपमा मात्र र बाँकी ३० प्रतिशत शिक्षकले चाहिँ मूल्याङ्कन नै नगरेको पाइयो ।

(१५) सरकारी विद्यालयका ८० प्रतिशत र निजी विद्यालयका ९० प्रतिशत शिक्षकले गृहकार्य दिने बताएकोमा कक्षा अवलोकन गर्दा सरकारी र निजी दुवै विद्यालयका ८० प्रतिशत शिक्षकले गृहकार्य दिएको पाइयो । यसरी गृहकार्यसम्वन्धमा दुवै विद्यालयका भाषा शिक्षक समान रहेको पाइयो ।

(१६) सरकारी विद्यालयका ९० प्रतिशत र निजी विद्यालयका ८० प्रतिशत शिक्षकले पूर्णरूपमा नभई आंशिकरूपमा विद्यार्थी सहभागिता गराएको पाइयो ।

(१७) सरकारी र निजी दुवै विद्यालयका कुनै पनि भाषा शिक्षकले कथा शिक्षण गर्दा विशिष्ट पंक्तिको व्याख्या गरेको पाइएन ।

(१८) सरकारी र निजी दुवै विद्यालयका जम्मा २० जना शिक्षकहरूमध्ये कथा शिक्षणको सिद्धान्त र क्रियाकलापअनुरूप पूर्णरूपमा २ जना भाषा शिक्षकहरूको अवधारणा मिलेको पाइयो । त्यस्तै ७ जना शिक्षकहरूको कथा शिक्षणको सिद्धान्त र क्रियाकलापसम्बन्धी केही मात्रामा अवधारण मिलेको पाइयो र बाँकी ११ जना शिक्षकहरूको कथा शिक्षणको सिद्धान्त र क्रियाकलापसम्वन्धी अवधारणा मिलेको पाइएन ।

(१९) समग्ररूपमाभन्दा निजी विद्यालयका शिक्षकहरूका तुलनामा सरकारी विद्यालयका शिक्षकहरूको शिक्षण राम्रो रहेको पाइयो ।

## ५.२ सुझाव

प्रस्तुत शोधअध्ययनबाट प्राप्त निष्कर्षका आधारमा निम्नलिखित सुझावहरू प्रस्तुत गरिएका छन्:

१. शिक्षक कक्षाकोठामा सधै हँसिलो मुद्रामा उपस्थित हुनुपर्छ । यसले विद्यार्थीहरूलाई पढाइप्रति ध्यान केन्द्रित गर्न थप सहयोग पुर्‍याउँछ ।

२. शिक्षकले कुनैपनि पाठ शिक्षण गर्नु अगाडि पूर्वपाठको पूणर्स्मरण गराउनुपर्छ, जसले विद्यार्थीहरूमा अघिल्लो दिनको पाठको स्मरण गराउँछ ।

३. शिक्षण गर्नुपूर्व पाठयोजना बनाउँदा शिक्षण क्रियाकलापमा सुगमता आउने भएकाले सबै शिक्षकहरूले पाठयोजना बनाएर शिक्षण गर्नुपर्छ ।

४. कथा शिक्षणका माध्यमबाट शिक्षकहरूले साहित्यिक रसास्वादनलाईभन्दा पनि भाषिक सीपलाई प्राथमिकता साथ शिक्षण गर्नुपर्छ ।

५. पाठ्यक्रम, शिक्षक निर्देशिका आदि सामग्रीहरू हरेक विद्यालयका हरेक भाषाशिक्षकको हातमा पुऱ्याउनुपर्छ । शिक्षकहरूले पाठ्यक्रम र शिक्षक निर्देशिकाअनुरूप शिक्षण गरेमा शिक्षण उद्देश्यमा बढी स्पष्ट हुने भएकाले उनीहरूले पाठ्यक्रम र शिक्षक निर्देशिकाको अध्ययन गर्नुपर्छ ।

६. कथा शिक्षण गर्दा विद्यार्थीहरूलाई गति, यति मिलाई सस्वरवाचन गर्न लगाउनुपर्छ साथै शिक्षकहरूले पनि गति, यति मिलाई आदर्शवाचन गरिदिनुपर्छ ।

७. कथा शिक्षण गर्दा शिक्षकले सम्बन्धित कथा शिक्षण गर्नुपूर्व अर्को कुनै कथा विद्यार्थीहरूलाई सुनाउनुपर्छ । यसले विद्यार्थीहरूलाई पाठप्रति ध्यान केन्द्रित गर्न सहयोग पुऱ्याउँछ ।

८. शब्दार्थ शिक्षणप्रति सबै शिक्षकहरू सचेत रहेपनि शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्नुपर्नेमा अधिकांश शिक्षकहरूले नगरेको पाइएकाले शब्दार्थ शिक्षण गर्दा अनिवार्य रूपमा वाक्यमा प्रयोग गर्न लगाउने र आफूले पनि गरिदिने गर्नुपर्छ ।

९. शिक्षकहरूले कथा शिक्षण गर्दा पाठ्यपुस्तक र कालोपाटीलाई मात्र शिक्षण सामग्रीकोरूपमा प्रयोग गरेको पाइएकाले यसका साथै अन्य सहायक सामग्रीको प्रयोगतर्फ पनि ध्यान दिनुपर्ने देखिन्छ । अन्य सहायक सामग्रीमा शब्दपत्ती,वाक्यपत्ती, गोजी तालिका, फ्लाटिन बोर्डको प्रयोग शिक्षकले गर्नुपर्छ ।

१०. भाषा शिक्षकहरूबीच एक आपसमा छलफल हुनु आवश्यक छ । अतः सम्बन्धित पक्षले समय-समयमा गोष्ठि र छलफलजस्ता कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

११. शिक्षण गर्दा विद्यार्थीलाई बढी सक्रिय बनाउनुपर्छ । यसका लागि प्रश्नोत्तर क्रियाकलाप बढी गराउनुपर्छ ।

१२. शिक्षकहरूले शिक्षण क्रियाकलापको अन्त्यमा अनिवार्य रूपमा विद्यार्थी मूल्याङ्कन गर्नुपर्छ र शिक्षणमा रहेका कमीकमजोरीहरूको निराकरण गर्नुपर्छ । अनिवार्य रूपमा गृहकार्य दिनुपर्छ र सम्भव भएसम्म गृहकार्य जाँच्नुपनि पर्छ ।

१३. प्रधानाध्यापकले कक्षा निरीक्षण गरी सल्लाह र सुझाव दिनुपर्छ ।

१४. सारांशकथन र लेखन क्रियाकलापले विद्यार्थीको बोलाइ र लेखाइ सीपको विकास हुने भएकाले शिक्षकहरूले यी क्रियाकलापहरू गराउनुपर्छ ।

१५. शिक्षकहरूलाई समय-समयमा आवश्यक मात्रामा तालिमको व्यवस्था मिलाउनुपर्छ ।

१६. शिक्षकहरूले शिक्षण गर्दा विद्यार्थी केन्द्रित विधिलाई जोड दिनुपर्छ ।

१७. कतिपय विद्यालयहरूमा नेपाली विषय शिक्षकले नेपाली शिक्षण नगरी अन्य विषयका शिक्षकले शिक्षण गरेको पाइएकाले त्यसो नगरी नेपाली विषयका शिक्षकहरूलाई नै नेपाली शिक्षण गर्न लगाउनुपर्छ ।

१८. प्रत्येक विधाका आ-आफ्नै किसिमका शिक्षण क्रियाकलाप हुने भएकाले शिक्षकहरूले कथा शिक्षण गर्दा अपनाउनुपर्ने शिक्षण क्रियाकलापको ख्याल गरी शिक्षण गर्नुपर्छ ।

## ५.३ शैक्षिक प्रयोजन

प्रस्तुत अध्ययनका शैक्षिक प्रयोजनहरू निम्नानुसार रहेका छन्-

१. कथा शिक्षण क्रियाकलापहरूको जानकारी हासिल गरी उपयुक्त तरिकाले कक्षा शिक्षण गर्न शिक्षकलाई सहयोग पुऱ्याउनु,

२. कथा शिक्षण गर्दा उपयुक्त पाठ्यवस्तु छनोट गरी कार्यकलापहरू गर्न/गराउन मद्दत पुऱ्याउनु,

३. भाषा शिक्षकहरूले कथा शिक्षण गर्दा के-कस्ता शिक्षण क्रियाकलापहरू अपनाएका छन् भन्ने कुराको पहिचान गरी आवश्यक जानकारी दिनु,

४. सरकारी र निजी तथा आवासीय विद्यालयका शिक्षकहरूको शिक्षण क्रियाकलापमा के-कति समानता र असमानता छन् तथा उक्त विद्यालयका शिक्षणसम्बन्धी समस्याहरूको पहिचान गरी समाधानको आवश्यक उपायहरू अवलम्बन गर्न मद्दत पुऱ्याउनु,

५. नेपाली भाषा पाठ्यपुस्तकमा विभिन्न विधाहरूको अध्ययन अनुसन्धान गर्नका लागि सहयोग पुऱ्याउनु,

६. कथा शिक्षणको वर्तमान अवस्थाको जानकारी शिक्षासँग सम्बद्ध सबैलाई गराउनु,

७. भाषा शिक्षणका विभिन्न पक्षहरूमा आगामी दिनहरूमा अध्ययन अनुसन्धान कार्य गर्नका लागि सहयोग पुऱ्याउनु ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भाव्य शीर्षकहरू

भावी अनुसन्धान गर्नका लागि निम्नलिखित शीर्षकहरूलाई लिन सकिन्छ :-

१. कक्षा १ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

२. कक्षा २ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

३. कक्षा ३ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

४. कक्षा ४ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

५. कक्षा ५ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

६. कक्षा ७ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

७. कक्षा ९ मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

८. कक्षा १० मा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

९. प्रा.वि. तहमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

१०. नि.मा.वि. तहमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन,

११. मा.वि. तहमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण क्रियाकलापहरूको अध्ययन ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०५३), नेपाली भाषा शिक्षण, काठमाडौं : कुञ्जन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज, पुनर्मुद्रण (२०६१), समसामयिक नेपाली व्याकरण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०५७), भाषा शिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति, ते.संस्क, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०५५), नेपाली भाषा शिक्षण, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

अधिकारी, हेमाङ्गराज र केदारप्रसाद शर्मा (२०६१), प्रारम्भिक नेपाली शिक्षण, चौ.संस्क, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी हेमाङ्गराज र अन्य (२०६१), हाम्रो नेपाली किताब शिक्षक निर्देशिका कक्षा-८, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र, सानोठिमी ।

आचार्य, नरहरि (२०५०), नेपाली कथा भाग १, ते.संस्क, ललितपुर, साझा प्रकाशनको छापाखाना, पुलचोक ।

खत्री, आनन्दा (२०६२), कक्षा आठको हाम्रो नेपाली किताबमा समाविष्ट कथाहरूको विश्लेषणात्मक अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

गौतम, देवीप्रसाद (२०५५), नेपाली कथा, काठमाडौं : नवीन प्रकाशन ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), परिचयात्मक नेपाली शिक्षण, काठमाडौं: एम.के. पब्लिशर्स एण्ड डिस्ट्रिव्युटर्स ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७), नेपाली कथा र उपन्यास, काठमाडौं, एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीव्युटर्स ।

नेपाली बृहत् शब्दकोश (२०४०), काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

न्यौपाने, विनोदकुमार (२०६२), कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएमा शिक्षण विधिहरूको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

पाठ्यक्रम विकास केन्द्र (२०५७), निम्नमाध्यमिक तहको नेपाली पाठ्यक्रम २०५०, दो.सं., भक्तपुर सानोठिमी ।

........................, (पुनर्मुद्रण २०५९), हाम्रो नेपाली किताब कक्षा ६, सानोठिमी, भक्तपुर ।

पौडेल, देवीदत्त (२०६०), कक्षा आठमा कथा शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन, अप्र. स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

बुढाथोकी, गोपाल (२०६२), कक्षा सातमा कविता शिक्षणका लागि प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन, अ.प्र. स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

बन्धु, चूडामणि (२०५२), अनुसन्धान तथा प्रतिवेदन लेखन, काठमाडौं : रत्न पुस्तक भण्डार ।

बन्धु, चूडामणि (२०५५), नेपाली भाषाको उत्पत्ति, पाँचौ संस्क, काठमाडौं : साझा प्रकाशन ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे (२०५७), नेपाली कथा भाग ३, ललितपुर, साझा प्रकाशन, पुलचोक ।

भट्टराई, रमेशप्रसाद र अन्य (२०५८), निम्नमाध्यमिक तह प्रशिक्षक निर्देशिका, भक्तपुर : माध्यमिक शिक्षा विकास केन्द्र, सानोठिमी ।

...................... (२०५८), निम्नमाध्यमिक तह प्रशिक्षार्थी निर्देशिका, भक्तपुर : माध्यमिक शिक्षा विकास केन्द्र, सानोठिमी ।

...................... (२०६१), नेपाली भाषा शिक्षण, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

रिमाल, डिल्लीराम (२०५३), नेपाली शिक्षण, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, यादवप्रकाश (२०५७), नेपालाी भाषा शिक्षण परिचय, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद (२०५१), नेपाली भाषा शिक्षण, भक्तपुर : शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), नेपाली भाषा र साहित्य शिक्षण, काठमाडौं :न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

श्रेष्ठ, दयाराम (२०६०), नेपाली कथा भाग ४, दो.संस्क, ललितपुर : साझा प्रकाशन ।

## परिशिष्ट 'ग'

## जनसङ्ख्या छनोट गरिएका विद्यालय र शिक्षकको

## नामावली तथा ठेगाना

सरकारी विद्यालय

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | शिक्षकको नाम |
|---|---|---|---|
| १. | श्री रात्री मा.वि. | त्रिभुवननगर न.पा., रझेना | सुनीता शर्मा |
| २. | श्री सरस्वती नि.मा.वि. | त्रिभुवननगर न.पा., भरतपुर | शान्ता देवकोटा |
| ३. | श्री नि.मा.वि रावतगाउँ | सौडियार गा.वि.स.रावतगाँउ | रजनी पछाई |
| ४. | श्री नि.मा.वि. तुलसीपुर सेन्टर | तुलसीपुर न.पा. तुलसीपुर | रेणु लामिछाने |
| ५. | श्री महेन्द्र मा.वि. | तुलसीपुर न.पा. तुलसीपुर | शान्ति न्यौपाने |
| ६. | श्री नि.मा.वि. बाँकी बेटारपुर | गोल्टाकुमारी गा.वि. बाँकी, बेटारपुर | गुणनिधी खड्का |
| ७. | श्री भानु नि.मा.वि. | श्रीगाउँ गा.वि.स. प्रसडुवा | रामकुमार लामिछाने |
| ८. | श्री सिद्ध पृथ्वी जनता उच्च मा.वि. | श्रीगाउँ गा.वि.स. श्रीगाउँ | टेकबहादुर पाण्डे |
| ९. | श्री शिवशक्ति मा.वि. | धनौरी गा.वि.स. धनौरा | सनतकुमार गौतम |
| १०. | श्री विरेन्द्र मा.वि. | हेकुली गा.वि.स. हेकुली | ईश्वरीप्रसाद गौतम |

निजी विद्यालय

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | शिक्षकको नाम |
|---|---|---|---|
| १. | लिटल एन्जल आवासीय विद्यालय | त्रिभुवननगर न.पा., घोराही | लालकुमारी पुन |
| २. | शान्तिसुधा आवासीय मा.वि. | त्रिभुवननगर न.पा., घोराही | श्रीधर पौडेल |
| ३. | जनज्योति विद्यामन्दिर मा.वि. | त्रिभुवननगर न.पा., घोराही | खेमराज आचार्य |
| ४. | श्री विद्यानीलकण्ठ उच्च मा.वि. | त्रिभुवननगर न.पा., घोराही | धनबहादुर बली |
| ५. | श्री मेचीकाली आ.मा.वि. | त्रिभुवननगर न.पा., घोराही | भानुभक्त पोखेल |
| ६. | भ्यालीटप इ. बोर्डिङ्ग स्कुल | त्रिभुवननगर न.पा., घोराही | टीका बुढा |
| ७. | राप्ती विद्यामन्दिर उ.मा.वि. | तुलसीपुर न.पा., तुलसीपुर | विष्णुप्रसाद न्यौपाने |
| ८. | श्री आइडियल इङ्सिल बोर्डिङ्ग स्कुल | तुलसीपुर न.पा., तुलसीपुर | पुस्करराज न्यौपाने |

| | | | |
|---|---|---|---|
| ९. | तुलसी आवासीय मा.वि. | तुलसीपुर न.पा., तुलसीपुर | पूर्णिमा रजौरे |
| १०. | हिमालय विद्या मन्दिर | हेकुली गा.वि.स. हेकुली | टीका शर्मा |

परिशिष्ट 'क'

शिक्षक प्रश्नावली फारम

शिक्षकको नामः ………………… विद्यालयको नामः ……………………………………

१. कथा शिक्षण गर्दा पाठयोजना बनाउनु हुन्छ ?

क) हुन्छ ख) हुन्न

२. कथा शिक्षण कुन उद्देश्यका लागि बढी आवश्यक ठान्नुहुन्छ ?

क) साहित्यिक रसास्वादन ख) भाषिक सीप विकास

३. कथा शिक्षण गर्दा आदर्शवाचन गर्ने गरिएको छ ?

क) सस्वरवाचन ख) मौन वाचन ग) दबै घ) कुनै पनि नगर्ने

४. कथा शिक्षण गर्दा आदर्शवाचन गर्ने गरिएको छ ?

क) छ ख) छैन

५. कथा शिक्षण गर्दा कथाकथन क्रियाकलाप गर्नुहुन्छ ?

क) छ ख) छैन

६. कथा शिक्षण गर्दा शब्दार्थ शिक्षण गर्ने गरिएको छ ?

क) हुन्छ ख) हुन्न

७. शब्दार्थ शिक्षण गर्दा वाक्यमा प्रयोग गर्न लगाउनु हुन्छ ?

क) हुन्छ ख) हुन्न

८. कथा शिक्षण गर्दा कथाको कथावस्तु बताइदिनु हुन्छ ?

क) हुन्छ ख) हुन्न

९. कथा शिक्षण गर्दा बोध प्रश्नोत्तर गराउनु हुन्छ ?

क) हुन्छ ख) हुन्न

१०. कथा शिक्षण गर्दा तलका मध्ये कुन क्रियाकलाप गराउनुहुन्छ ?

क) सारांश कथन ख) सारांशलेखन ग) दुबै घ) कुनै पनि नगर्नै

११. कथा शिक्षण गर्दा श्रुतिलेखन गराउनुहुन्छ ?

क) गराउनु हुन्छ ख) गराउनु हुन्न

१२. कथा शिक्षण गर्दा घटनाक्रम मिलाउन लगाउनुहुन्छ ?

क) लगाउनु हुन्छ ख) लगाउनु हुन्न

१३. कथा शिक्षण गर्दा कस्ता शिक्षण सामग्री प्रयोग गर्नुहुन्छ ?

क) पाठ्यपुस्तक ख) पाठ्यपुस्तक र कालोपाटी ग) अन्य सहायक सामग्री

१४. दैनिक विद्यार्थी मूल्याङ्कन गर्दा कुन क्रियाकलाप अपनाउनुहुन्छ ?

क) मौखिक ख) लिखित ग) दुबै घ) कुनै पनि नगर्ने

१५. दैनिक गृहकार्य दिनुहुन्छ ?

क) हुन्छ ख) हुन्न ग) कहिलेकाहीँ (आंशिक)

१६. तपाईका विचारमा कथा शिक्षण कसरी गराउनु उपयुक्त हुन्छ भन्ने ठान्नुहुन्छ ?

..........................................................................................................

## परिशिष्ट 'ख'

## कक्षा अवलोकन फाराम

विद्यालयको नामः मितिः

शिक्षकको नामः एकाईः

अध्यापन गर्ने विषयः पाठः

कक्षाः

| क्र.सं. | विषय | उत्तम | मध्यम | न्युन | न्युनतम |
|---|---|---|---|---|---|
| १. | **सिकाइ वातावरण** | | | | |
| | (क) कक्षाकोठा सफासुग्घर | | | | |
| | (ख) कालोपाटीको तयारी | | | | |
| | (ग) विद्यार्थी अनुशासन | | | | |
| | (घ) कक्षा व्यवस्था | | | | |
| २. | **शिक्षकको व्यक्तित्व** | | | | |
| | (क) सफासुग्घर | | | | |
| | (ख) आकर्षक शारीरिक व्यक्तित्व | | | | |
| | (ग) बोलीको स्पष्टता | | | | |
| | (घ) भाषिक शुद्धता | | | | |
| | (ङ) आत्मविश्वास | | | | |
| | (च) मौलिकता | | | | |
| | (छ) मिलनसारिता | | | | |
| | (ज) सहयोगी | | | | |
| ३. | **कक्षा शुरुवात** | | | | |
| | (क) हँसिलो चेहरा | | | | |
| | (ख) पूर्वपाठको पुनरावलोकन | | | | |
| | (ग) पाठको उद्देश्य | | | | |
| | (घ) पाठप्रति रुचि जागरण | | | | |
| | (ङ) पूर्णपाठमा आधारित | | | | |
| | (च) पाठको शीर्षकको अर्थ बताउनु | | | | |
| ४. | **पाठको प्रस्तुतिकरण** | | | | |
| | (क) विषयवस्तुको ज्ञान | | | | |
| | (ख) विषयवस्तुको पर्याप्तता | | | | |
| | (ग) पाठको क्रमबद्धता | | | | |
| | (घ) उपयुक्तता | | | | |
| | (ङ) स्तरयुक्तता | | | | |
| | (च) उदाहरणको उपयुक्तता | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | **कक्षा कार्यकलाप** | | | | |
| | (क) कथाकथन | | | | |
| | (ख) सस्वर र मौनपठन | | | | |
| | (ग) शब्दार्थ, वाक्यप्रयोग र वर्णविन्यास | | | | |
| | (घ) बोधप्रश्नोत्तर | | | | |
| | (ङ) सारांशकथन र लेखन | | | | |
| | (च) घटनावर्णन र घटना टिपोट | | | | |
| | (ज) श्रुतिलेखन/श्रुतिरचना | | | | |
| | (झ) वस्तु तथाचित्र वर्णन | | | | |
| | (ञ) बुँदाटिपोट | | | | |
| | (ट) कथारचना | | | | |
| ६. | **शैक्षिक सामग्री** | | | | |
| | (क) स्पष्ट देखिने र बुझिने | | | | |
| | (ख) स्तरयुक्त | | | | |
| | (ग) कालोपाटीको प्रयोग | | | | |
| | (घ) शब्दपत्ती, वाक्यपत्तीको प्रयोग | | | | |
| | (ङ) फलाटिन बोर्डको प्रयोग | | | | |
| | (च) गोजीतालिकाको प्रयोग | | | | |
| ७. | **विद्यार्थी क्रियाकलाप** | | | | |
| | (क) प्रश्नोत्तर | | | | |
| | (ख) अनुशासन | | | | |
| ८. | **मूल्याङ्कन** | | | | |
| | (क) प्रश्नोत्तर | | | | |
| | (ख) कक्षाकार्य | | | | |
| | (ग) गृहकार्य | | | | |